भ.पुजि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

**मजदुर विज्ञापन शाखा**
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदे विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

# मजदुर
The Worker Daily दैनिक
Website : www.onlinemajdoor.com



विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : ५८ ★ ने. सं. ११४६ चौला थ्व, चतुर्थी ★ आइतबार ★ ८ चैत, २०८२ ★ March 22, 2026, Sunday ★ मूल्य रु.५।– ★ पृष्ठ ८

## चुनावको नतिजाभन्दा देश र जनताको हितमा सङ्घर्ष नै मुख्य हुने




भक्तपुर, ७ चैत । प्रभात सार्वजनिक शैक्षिक गुठीअन्तर्गत सञ्चालित प्रभात इङ्गलिस सेकेन्डरी स्कूलको ४४ औँ स्थापना दिवसको अवसरमा शनिबार ब्यासीमा ज्येष्ठ नागरिक सम्मान, प्रशंसापत्र वितरण तथा सांस्कृतिक कार्यक्रम सम्पन्न भयो ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित) ले एक समारोहबिच सो कार्यक्रमको उद्घाटन गर्नुभयो ।

उहाँले भन्नुभयो, "चुनाव नतिजाबारे हाम्रा साथीहरूले चित्त दुखाइरहनुभएको छ । केहीले हाम्रा संस्था र त्यसका कर्मचारी एवम् जनप्रतिनिधिहरूको व्यवहार शिष्ट नभएको बताए । हाम्रा साथी र कर्मचारीहरूले सेवक बनेर जनतासँग आदर र सम्मानपूर्ण व्यवहार गर्नु आवश्यक छ ।"

अध्यक्ष बिजुक्छेँले थप्नुभयो, "भीमसेन थापाले बेलायती साम्राज्यवादसँग लड्न फ्रान्सको सहयोग नेपाली सेनालाई तालिम दिएपछि बेलायती सरकारले नेपालका दरबारका ठुला पदाधिकारीलाई घुस खुवाएर भीमसेन थापाको हत्या गराएको थियो । भीमसेन थापाले आत्महत्या गरेका होइनन् ।"

अमेरिका र भारत नमिलिकन सिंहदरबार, सर्वोच्च अदालत, संसद् भवनजस्ता ठुलठुला सम्पदाहरूमा एकैदिन एकै समयमा एकै पटक आगजनी गरेर खरानी पार्न नसक्ने उल्लेख गर्दै अध्यक्ष बिजुक्छेँले देशका नदी नालाहरू सरकारले विदेशीको हातमा दिएर देशघाती काम गरेको चर्चा गर्नुभयो ।

चुनावमा हारजित हुने उल्लेख गर्दै उहाँले देश, जनता र न्यायको निम्ति नेमकिपा लडिरहने बताउनुभयो ।

सरकारमा गएकाहरूले नेपालीलाई विदेश पठाएकाहरूले नेपालमा आमाबुबालाई रोएर फोन गरी हाम्रो विपक्षमा मत हाल्न लगाएको उल्लेख गर्दै उहाँले चुनावको नतिजा मुख्य होइन देश र जनताको हितमा सङ्घर्ष नै मुख्य हुने बताउनुभयो ।

अङ्ग्रेजले तिब्बत आक्रमण गर्न नेपालीलाई नै जासुस बनाएको उल्लेख गर्दै उहाँले अहिले पनि चीनमा हमला गर्न नेपालमा अमेरिकी सेना आउने र नेपाली सेनालाई लड्न पठाउनेतर्फ नेपाली

बाँकी पृष्ठ ८ मा

## भ्रमहरूबाट जोगिऔँ !

नेपालीहरू विभिन्न जातजाति, भाषाभाषी, धर्म, क्षेत्र र वर्गमा विभाजित छन् । ती विभिन्न विषयका अध्येता र पेसामा पनि छन् । तर, रेडियो, टीभी र पत्रपत्रिकामा छापिएका बुद्धिजीवीहरूको अन्तर्वार्ताहरू हेर्दा र पढ्दा कहिलेकाहीँ पढे-लेखेका भनिएका व्यक्ति र समुदायको ६-७ पुस्तापछि पनि पश्चिमी देशहरूको बारे भ्रम कायम रहेको अनुभव हुन्छ । यसकारण, एक प्रकारको दुःख र पीडा अनुभव हुनु सामान्य विषय हो ।

बेलायती गोर्खा सेनामा काम गर्ने केही जातजाति, भाषाभाषी र क्षेत्रका नेपाली जनता बेलायतलाई 'हामीलाई पालन गर्ने देश' वा 'मालिक देशको' रूपमा लिन्छन् । तर, त्यही क्षेत्रका सचेत नेपाली जनता गोर्खालीहरूलाई 'बेलायती साम्राज्य विस्तार' गर्न प्रयोग गरिएको वा भाडाको सिपाहीँ बनाइरहेकोमा असन्तुष्ट छन् ।

त्यस्तै, भारतीय गोर्खा सेनामा सेवा गरेका नेपालीका परिवारहरू 'आफ्नो रोजगारी र परिवार पालनपोषण' को आधार पाएको ठान्छन् । तर, सचेत नेपालीहरू भारतीय विस्तारवादले नेपालकै भूमि ७२-७३ स्थानमा मिचेको, सुस्ता, 'कालापानी-लिम्पियाधुरा र लिपुलेक' माथिको थिचोमिचो एवम् नेपालको भूमिमा भारतले तिब्बत जाने सडक बनाएकोमा असन्तुष्ट छन् ।

त्यस्तै, संरा अमेरिकामा काम पाएका, त्यस देशमा अध्ययन गरेका तथा आफ्ना छोरा-छोरी त्यहाँ बसेका केही नेपालीहरू संरा अमेरिकाको अन्य देशमा हमला गर्ने साम्राज्यवादी चरित्रबारे 'ठुला देश सबै त्यस्तै हुन्' भनी त्यसको निन्दा गर्न पछि हट्छन् । उनीहरू आफ्नो देशलाई ५०-६० वर्ष पहिलेदेखि सहयोग गर्ने देशको रूपमा अमेरिकालाई लिन्छन् । ती कोरिया, भियतनाम, इराक, लिबिया, सिरिया, अफगानिस्तानमा अमेरिकाले गरेको अपराधबारे मौन रहन्छन् र 'त्यो त तिनीहरूको कुरा हो' भनी पन्छिन खोज्छन ।

ती देशहरूमा अमेरिका अचानक 'टुरिस्ट' पसेजस्तो पसेको होइन बरु 'मित्र' भएर सहयोग को नाममै पसेको हो । पछि ती देशका जातजाति, भाषाभाषी धर्म र सम्प्रदाय, क्षेत्र वा अनेक भित्री झगडा तथा इमेल पत्ता लगाएपछि संरा अमेरिकाले 'मित्रता' कै नाममा ती देशका जनतालाई भित्रभित्र मनमुटाव र झगडाको 'आगोमा घिउ हाल्दै' सशस्त्र भिडन्तमा पुऱ्यायो । त्यसले सरकार र विद्रोही दुवैलाई गुप्तरूपले हातहतियारको सहयोग गर्दै नसुल्झिने गरी भिडाउँदै गयो । पछि, दुवैतिर हतियारको व्यापार गरेर ती देशहरूलाई धुजाधुजा बनायो ।

दुई सय वर्षदेखि संरा अमेरिकाले विभिन्न देशमा मित्रताको व्यापार सँगसँगै ती देशमाथि प्रभुत्व कायम गर्दै कब्जा

बाँकी पृष्ठ २ मा

## मौसममा सुधार, हालको वर्षा गराउने प्रणाली बाहिरिँदै

काठमाडौँ, ७ चैत । शुक्रबारदेखि सक्रिय भएको वर्षा गराउने प्रणाली कमजोर हुँदा मौसममा सुधार भएको छ । जल तथा मौसम विज्ञान विभागका मौसमविद् विभूति पोखरेलले मौसममा राम्रो सुधार भइसकेको जानकारी दिँदै शुक्रबार र शनिबार बिहानको जस्तो वर्षा भने नहुने बताउनुभयो ।

पोखरेलका अनुसार प्रिमनसुनका गतिविधि भने कायम नै रहने र आइतबार पनि छिटफुट बदली भने रहने छ । अहिले नेपालको पूर्व क्षेत्रमा र अन्य क्षेत्रका कतैकतै हल्का वर्षा भइरहेको र यो पनि बिस्तारै हट्ने उहाँको भनाइ छ । अहिलेको वर्षा गराउने प्रणाली बाहिरिए पनि घाम लाग्ने, फेरि बदली हुने क्रम भने प्रिमनसुनमा रहिरहने तर ठुलो र अलि लामो वर्षा भने तत्काल नहुने उहाँले बताउनुभयो ।

विभागको अभिलेख अनुसार अहिले कोशी प्रदेश, वाग्मती प्रदेश र मधेशप्रदेशका केही ठाउँमा हल्का वर्षा भइरहेको छ । विभागको पछिल्लो २४ घण्टे विवरणमा पाल्पामा सबैभन्दा बढी ७५.८ मिलिमिटर वर्षा भएको छ । रुपन्देहीमा ७५.२, मोरङमा ६३.८ र धनकुटामा ६३.२, कपिलवस्तुमा ५९.६ मिलिमिटर वर्षा भएको छ ।

## खानेपानी अभावको समस्या समाधान गर्न भनपा कटिबद्ध

भक्तपुर, ७ चैत । भक्तपुर नगरपालिका वडा नं. ९ स्थित तुमचो दुगुरे चोखा आवास क्षेत्रका स्थानीय जनताबिच त्यस क्षेत्रमा उपभोक्ता समितिमार्फत खानेपानी वितरण भइरहेको सम्बन्धमा शनिबार छलफल कार्यक्रम भयो ।

तुमचो दुगुरे चोखा आवास क्षेत्र खानेपानी उपभोक्ता समितिको आयोजनामा सम्पन्न उक्त भेलामा नगर प्रमुख सुनिल प्रजापतिले नगरवासीहरूलाई समान ढङ्गबाट खानेपानी वितरण कार्यलाई नगरपालिकाले प्राथमिकतामा राखी काठमाडौँ उपत्यका खानेपानी लिमिटेड र अन्य सरोकारवालाहरूसँग छलफल गरिरहेको बताउनुभयो ।

खानेपानीको स्रोत व्यवस्थापन, ट्याङ्की तथा प्रशोधन केन्द्र निर्माण र वितरण प्रणालीमा नगरपालिकाको बजेट उपयोग गरेर केयूकेएललाई सहयोग गरिरहेको उल्लेख गर्दै प्रमुख प्रजापतिले स्थानीय जनताको साथ र सहयोगले खानेपानीको पाइप विस्तार तथा सुधार गरिरहेको बताउनुभयो ।




भेलामा वडाध्यक्ष एवम् खानेपानी उपभोक्ता समितिका अध्यक्ष रवीन्द्र ज्याख्वले आवास क्षेत्रमा हालसम्म ४८८ वटा धारा वितरण गरेको र बस्ती विकाससँगै खानेपानीको बढ्दो मागअनुसार आपूर्तिको बन्दोबस्त गर्न केयूकेएल भक्तपुर वितरण शाखासँग छलफल भइरहेको बताउनुभयो ।

उपभोक्ता समितिका उपाध्यक्ष कृष्णभक्त लवजुले समितिमार्फत आफ्नै पूर्वाधार निर्माण गरी खानेपानी वितरण गर्दा स्थानीय जनतालाई राहत पुगेको उल्लेख गर्दै हाल डिप बोरिङबाट पानी उत्पादनमा कमी आउँदा केही समस्या उत्पन्न भएको बताउनुभयो ।

कार्यपालिका सदस्य तथा खानेपानी उपभोक्ता समितिका कोषाध्यक्ष छोरीमैयाँ सुजखूले पानीको उपलब्धतामा कमी आउँदा जनगुनासो बढ्नु स्वाभाविक भएको चर्चा गर्दै उपभोक्ता समिति र नगरपालिकामार्फत खानेपानी समस्या समाधानका लागि भइरहेको पहलबारे जानकारी दिनुभयो ।

स्थानीय जगन्नाथ प्रजापतिले खानेपानीको थप स्रोत व्यवस्थापन गर्ने तथा वितरण प्रणालीमा सुधार गर्ने विषयमा स्थानीय उपभोक्ताहरूसँग व्यापक छलफल गरेर आएको सुझावअनुसार उपभोक्ता समितिले निर्णय

बाँकी पृष्ठ ८ मा

व्यङ्ग्यचित्र कुनो





**सडक विभागको कार्यालय**
गत भदौ २३ र २४ गतेको जेन-जी युवाहरूको आन्दोलनका क्रममा जलेर ध्वस्त भएको काठमाडौँ बबरमहलस्थित सडक विभागको कार्यालय । कार्यालय जलेपछि अहिले काम गर्न समस्या भएको कर्मचारीहरू बताउँछन् । *तस्बिर: विमलबहादुर विष्ट/रासस*

# ‘डाउन सिन्ड्रोम’ लगायत अवस्थाका परीक्षार्थीलाई विशेष व्यवस्था

काठमाडौँ, ७ चैत । काठमाडौँ महानगरपालिकाले अटिजम, बौद्धिक अपाङ्गता, डाउन सिन्ड्रोमलगायत अवस्थाका परीक्षार्थीलाई परीक्षामा सहभागी हुन विशेष किसिमले सहजता प्रदान गरेको जनाएको छ ।

कामपाले आधारभूत तह उत्तीर्ण परीक्षामा सहभागी हुने, अटिजम, बौद्धिक अपाङ्गता, डाउन सिन्ड्रोमलगायत अवस्था भएका विशेष प्रकृतिका विद्यार्थीलाई होम सेन्टरमै परीक्षा दिँदा सहजता प्रदान गरेको कामपाका कार्यवाहक प्रमुख सुनिता डङ्गोलले जानकारी दिनुभयो ।

विशेष प्रकृतिका विद्यार्थीका लागि छुट्टै शैक्षिक वातावरण चाहिने भएकाले महानगरपालिकाले यस प्रकारका शिक्षण संस्था सञ्चालनका विषयमा योजना बनाउँदै गरेको पनि कामु डङ्गोलको भनाइ छ ।

शिक्षा नियमावली, २०५९ को नियम ४७ बमोजिम दृष्टिविहीन, बहिरा, सुस्तश्रवण, मनोसामाजिक अपाङ्गता भएका विद्यार्थीका लागि निजले बुझ्ने साङ्केतिक भाषामा परीक्षा दिने व्यवस्था मिलाइएको छ । यस्ता विद्यार्थीले निर्धारित समयभित्र परीक्षा दिन नसक्ने देखिएमा केन्द्राध्यक्षले वा सम्बन्धित विद्यालयले बढीमा एक घण्टा ३० मिनेटसम्म थप समय उपलब्ध गराउन सक्नेछन् ।

महानगरपालिकाले तयार पारेको प्रश्नपत्रबाट विकासात्मक अपाङ्गता वा विशेष प्रकृतिका बालबालिकाहरूले परीक्षा दिन नसक्ने भएमा विद्यार्थीको सिकाइ प्रकृतिका आधारमा विद्यालयले उपयुक्त मूल्याङ्कन मापदण्ड तयारी गरी विद्यार्थी मूल्याङ्कन गरेर प्राप्ताङ्क सम्बन्धित स्रोत केन्द्रमा बुझाउनुपर्नेछ ।

यही चैत ५ गतेबाट सुरु भएको आधारभूत तह परिक्षाका लागि ५७ वटा केन्द्र सञ्चालन भइरहेको छ । यी केन्द्रहरूमध्ये ४७ सामुदायिक विद्यालयमा र १० संस्थागत विद्यालयमा छन् । केन्द्रहरूमा ४९४ विद्यालयका १९ हजार ११७ विद्यार्थी सहभागी छन् । परीक्षार्थीमा १० हजार ७४५ छात्र र आठ हजार ३७२ छात्रा छन् । विद्यालयको प्रकृतिका आधारमा हेर्दा, दुई वटा कारागार र एउटा विशेषसहित ७७ वटा सामुदायिक विद्यालयका चार हजार ६१४, २० वटा वैकल्पिक विद्यालयका ८३७ जना, छ वटा धार्मिक विद्यालयका ७० जना र ३९१ वटा संस्थागत विद्यालयका १३ हजार ५९६ विद्यार्थीले परीक्षामा सहभागी भएका छन् ।

केन्द्रीय बहिरा माध्यमिक विद्यालय, नक्सालमा अध्ययनरत विद्यार्थीहरू विशेष प्रकृतिका (बहिरा) भएकाले उनीहरूको विशिष्ट आवश्यकतालाई ध्यानमा राखी सोही विद्यालयमा नै परीक्षा केन्द्र कायम गरिएको छ । जगन्नाथ देवल माध्यमिक विद्यालय र बन्दी विकास आधारभूत विद्यालय कारागार (जेल) भित्र सञ्चालित रहेको र सुरक्षा संवेदनशीलताका कारण विद्यार्थीहरू बाहिर जान सहज नहुने हुँदा, ती विद्यालयहरूको परीक्षा केन्द्र त्यही विद्यालयमा नै कायम गरिएको कामपाको भनाइ छ ।

# विश्व खुसीयाली प्रतिवेदन २०२६ : सामाजिक सञ्जालले खोस्दै युवाहरूको खुसी

काठमाडौँ, ७ चैत (रातोपाटी) । बिहीबार प्रकाशित विश्व खुसीयाली प्रतिवेदन २०२६ का अनुसार, सामाजिक सञ्जालको अत्यधिक प्रयोगले युवाहरूको खुसी र कल्याणमा भारी गिरावट ल्याइरहेको छ । यसको असर विशेषगरी अङ्ग्रेजी भाषी देशहरू र पश्चिमी युरोपका किशोरीहरूमा बढी चिन्ताजनक देखिएको छ । अक्सफोर्ड विश्वविद्यालयको वेलबिइङ रिसर्च सेन्टरद्वारा प्रकाशित यस वार्षिक प्रतिवेदनले फिनल्यान्ड लगातार नवौँ वर्ष पनि विश्वको सबैभन्दा खुसी देश बन्न सफल भएको देखाएको छ । यसका साथै, आइसल्यान्ड, डेनमार्क, स्विडेन र नर्वेजस्ता अन्य नर्डिक देशहरू पनि शीर्ष १० भित्र पर्न सफल भएका छन् ।

प्रतिवेदनले अमेरिका, क्यानडा, अस्ट्रेलिया र न्युजिल्यान्डमा २५ वर्षमुनिका युवाहरूको जीवनप्रतिको मूल्याङ्कनमा विगत एक दशकमा उल्लेखनीय गिरावट आएको देखाएको छ । यस प्रवृत्तिको मुख्य कारण घण्टौँसम्म सामाजिक सञ्जालमा झुम्मिनुलाई मानिएको छ ।

**कोस्टारिका चौथो स्थानमा, नर्डिक देशहरू शीर्ष स्थानमै**

यस वर्ष सूचीको शीर्ष पाँचमा कोस्टारिकाले नयाँ प्रवेश पाएको छ । सन् २०२३ मा २३ औँ स्थानमा रहेको कोस्टारिका यस वर्ष ठुलो छलाङ मार्दै चौथो स्थानमा उक्लिएको छ ।

प्रतिवेदनले पारिवारिक आत्मीयता र अन्य सामाजिक सम्बन्धले मानिसको खुसीमा ल्याएको बढोत्तरीलाई यसको मुख्य कारण मानेको छ । अक्सफोर्डका अर्थशास्त्रका प्राध्यापक तथा वेलबिइङ रिसर्च सेन्टरका निर्देशक एवं विश्व खुसीयाली प्रतिवेदनका सहसम्पादक जनइमानुएल डे नेभले भने, “हामीलाई लाग्छ, उनीहरूको सामाजिक जीवनको गुणस्तर र उनीहरूले अहिले पाइरहेको स्थिरता नै यसको मुख्य कारण हो ।”

उनले थपे, “समग्र ल्याटिन अमेरिकामा पारिवारिक र सामाजिक सम्बन्ध निकै बलियो छ । त्यहाँ उच्च स्तरको सामाजिक पुँजी छ, जुन अन्य ठाउँमा विरलै पाइन्छ ।”

प्रतिवेदनका अनुसार, फिनल्यान्ड र अन्य उत्तरी युरोपेली देशहरू निरन्तर शीर्ष स्थानमा रहनुका पछाडि सम्पत्ति, त्यसको समान वितरण, आर्थिक मन्दीबाट जनतालाई जोगाउने कल्याणकारी राज्य व्यवस्था र स्वस्थ जीवन प्रत्याशाजस्ता कुराहरूको संयोजन मुख्य कारण हो ।

फिनल्यान्ड फेरि पनि पहिलो स्थानमा आएपछि त्यहाँका राष्ट्रपति अलेक्ज्यान्डर स्टबले बिहीबार प्रतिक्रिया दिँदै भने, “मलाई लाग्दैन यसमा कुनै जादुई मन्त्र छ, तर स्वतन्त्रता, समानता र न्यायतर्फ अग्रसर हुने समाज हुनुले पक्कै मद्दत गर्छ ।”

हेलसिन्कीमा चिसो समुद्री पानी भएको पोखरीमा पौडी खेलिरहेका पेन्सन प्राप्त नागरिक सेमी साल्मीले पनि राष्ट्रपतिको कुरामा सहमति जनाए । उनले भने, “फिनिसहरू धेरै सन्तुष्ट र आत्मविश्वासी छन्, उनीहरूलाई आफ्नो प्रणाली, आफ्नो देश र सरकारप्रति पूर्ण विश्वास छ ।”

उनले राम्रो स्वास्थ्य सेवामा पहुँच हुनुको फाइदालाई पनि जोड दिए । “मेरा बुबा अहिले दीर्घकालीन हेरचाह केन्द्रमा हुनुहुन्छ र राज्यको प्रणालीले उहाँको असाध्यै राम्रो हेरचाह गरिरहेको छ”, उनले भने ।

अघिल्ला वर्षहरूमा जस्तै, प्रमुख द्वन्द्वग्रस्त क्षेत्रहरू वा त्यसको वरपरका राष्ट्रहरू सूचीको पुछारमा छन् । अफगानिस्तान फेरि पनि विश्वकै सबैभन्दा दुःखी देश बनेको छ भने त्यसपछि अफ्रिकी देशहरू सियरा लियोन र मलावी रहेका छन् ।

देशहरूको यो वरीयता १४० देश र क्षेत्रका करिब १ लाख मानिसहरूले आफ्नो जीवनस्तरको मूल्याङ्कन गरेर दिएको जवाफमा आधारित छ । यो अध्ययन एनालिटिक्स फर्म ग्यालप र संयुक्त राष्ट्रसङ्घीय दिगो विकास समाधान नेटवर्कको साझेदारीमा गरिएको हो । धेरैजसो देशहरूमा प्रत्येक वर्ष टेलिफोन वा प्रत्यक्ष भेटेर करिब १,००० जनालाई सम्पर्क गरिन्छ ।

**किशोरीहरू विशेष रूपमा जोखिममा**

उत्तरदाताहरूलाई ० देखि १० सम्मको स्केलमा आफ्नो जीवनको मूल्याङ्कन गर्न भनिएको थियो । अङ्ग्रेजी भाषी र पश्चिमी युरोपेली देशहरूमा २५ वर्षमुनिका युवाहरूको स्कोर विगत एक दशकमा झन्डै एक अङ्कले घटेको छ ।

प्रतिवेदनले युवाहरूको मानसिक सुख र सामाजिक सञ्जालको अत्यधिक प्रयोग बिचको नकारात्मक सम्बन्ध किशोरीहरूमा अझ बढी चिन्ताजनक रहेको उल्लेख गरेको छ । उदाहरणका लागि, दिनमा ५ घण्टा वा सोभन्दा बढी सामाजिक सञ्जाल प्रयोग गर्ने १५ वर्षका किशोरीहरूमा जीवनप्रतिको सन्तुष्टि कम प्रयोग गर्नेहरूको तुलनामा निकै घटेको पाइएको छ ।

अनुसन्धानकर्ताहरूका अनुसार, दिनमा एक घण्टाभन्दा कम समय सामाजिक सञ्जाल चलाउने युवाहरूमा खुसीको स्तर सबैभन्दा उच्च देखिएको छ; जुन सामाजिक सञ्जाल नै नचलाउनेहरूको भन्दा पनि बढी हो । तर, हाल किशोरकिशोरीहरूले दिनमा औसत साढे दुई घण्टा सामाजिक सञ्जालमा बिताउने गरेको अनुमान छ ।

“यो स्पष्ट छ कि हामीले सामाजिक सञ्जालमा सकेसम्म सामाजिक पक्षलाई फर्काउने प्रयास गर्नुपर्छ”, डे नेभले भने ।

# इन्द्रायणी साकोसको आयोजनामा रक्तदान र सुगर परीक्षण

भक्तपुर, ७ चैत । इन्द्रायणी बचत तथा ऋण सहकारी संस्थाले १८ औँ स्थापना दिवसको अवसर पारेर सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राख्दै खुला रक्तदान तथा निःशुल्क थाइराइड र सुगर परीक्षण कार्यक्रम सम्पन्न गरेको छ ।

सहकारीको व्यावसायिक गतिविधिलाई समुदायप्रतिको सेवाभावसँग जोड्दै आयोजना गरिएको उक्त कार्यक्रममा स्थानीय बासिन्दाको उल्लेख्य सहभागिता थियो ।

सहकारीको शिक्षा तथा स्वास्थ्य उपसमिति र महिला उपसमितिको संयुक्त संयोजनमा सम्पन्न कार्यक्रममा ५० जनाले रक्तदान गरेका थिए भने ९० जनाले थाइराइड तथा मधुमेह (सुगर) सम्बन्धी निःशुल्क स्वास्थ्य परीक्षण तथा परामर्श सेवा लिएका थिए ।

कार्यक्रममा सहकारीका अध्यक्ष अन्जन ज्याख्वाले सहकारी संस्था केवल बचत तथा ऋणको कारोबारमा सीमित नहुने उल्लेख गर्दै समाजको हरेक सुख-दुःखमा साथ दिने जीवन्त सामाजिक संस्था भएको बताउनुभयो ।

उहाँले सहकारीले हरेक वर्ष यस्ता सामाजिक तथा स्वास्थ्यसम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दै आएको र आगामी दिनमा समुदायको आवश्यकताअनुसार स्वास्थ्य र शिक्षा कार्यक्रमलाई अझ प्रभावकारी रूपमा अघि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

स्वास्थ्यकर्मीहरूका अनुसार नियमित रक्तदानले मानव जीवन बचाउन महत्त्वपूर्ण भूमिका खेल्नुका साथै दाताको शरीरमा नयाँ रक्तकोषिका निर्माणमा सहयोग पुऱ्याउँछ । त्यस्तै थाइराइड र मधुमेहजस्ता रोगहरूलाई समयमै परीक्षणमार्फत पहिचान गर्न सकिएमा सम्भावित जटिलताबाट बच्न सकिने भएकाले यस्ता स्वास्थ्य शिविरहरू समुदायका लागि अत्यन्त उपयोगी हुने विश्वास व्यक्त गरिएको छ ।

# सामूहिक साकोसको नयाँ पाटी साकोसमा अध्ययन भ्रमण

भक्तपुर, ७ चैत । सामूहिक साकोसका पदाधिकारी, पूर्वअध्यक्ष, सञ्चालक, उपसमिति र कर्मचारीबाट काठमाडौँ जिल्ला गोकर्णेश्वर नगरपालिका २ मा अवस्थित नयाँ पाटी साकोसमा शुक्रबार अध्ययन अवलोकन भ्रमण गरिएको थियो ।

नयाँ पाटी साकोसका उपाध्यक्ष चिरञ्जीवी खतिवडाको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा कोषाध्यक्ष बालकृष्ण श्रेष्ठले स्वागत गर्नुभएको थियो ।

उहाँले यी दुई सहकारीको सहकार्य विगत लामो समयदेखि सुमधुर रहेको बताउँदै आगामी दिनमा पनि यस्तै साथ र सहयोग कायम रहने बताउनुभयो । संस्थाका सहायक प्रबन्धक सन्तकुमार लामाबाट संस्थाको स्थापना कालदेखि हालसम्मको प्रगतिको बारेमा प्रस्ट पार्नुभयो ।

सामूहिक साकोसका अध्यक्ष राजभाइ भेले र नयाँ पाटी साकोसका उपाध्यक्ष चिरञ्जीवी खतिवडाबाट एक अर्कालाई मायाको चिनो वितरण गर्दै यो सहकार्यलाई निरन्तरता दिँदै जाने विश्वास दिलाउनुभयो । संस्थाका अध्यक्ष राजभाई भेलेले नयाँ पाटी साकोस परिवारलाई धन्यवाद व्यक्त गर्नुभयो ।

# भारी हिमपातका कारण मध्यपहाडी लोकमार्ग अवरुद्ध

रुकुम पूर्व, ७ चैत्र (रासस) । रुकुम पूर्वमा भारी हिमपातको कारण मध्यपहाडी लोकमार्ग अवरुद्ध भएको छ । गएरातिदेखि निरन्तर भइरहेको हिमपातका कारण रुकुम पूर्वको भुमे गाउँपालिका १ मा पर्ने लुकुम-पातिहाल्ना खण्ड अवरुद्ध भएको हो ।

लोकमार्ग अवरुद्ध हुँदा दर्जनौँ सवारीसाधनसहित यात्रुहरू अलपत्र परेको जिल्ला प्रहरी कार्यालय रुकुम पूर्वले जानकारी दिएको छ । अहिले सो खण्डमा काठमाडौँबाट छुटेका रात्रिबसहरू फसेको जिल्ला प्रहरी कार्यालय रुकुम पूर्वका प्रहरी नायव उपरीक्षक केशवराज ज्ञवालीले जानकारी दिनुभयो । उहाँका अनुसार लुकुम-पातिहाल्ना क्षेत्रमा ७ वटा बस, एउटा जिप र ५ वटा मोटरसाइकल फसेका छन् भने २५० जनाभन्दा बढी यात्रुहरू अलपत्र परेका छन् ।

अहिले पनि निरन्तर वर्षा र हिमपात भइरहेका कारण सडक सञ्चालनमा चुनौती देखिएको छ । यस क्षेत्रमा अहिले फोन सेवा पनि अवरुद्ध हुँदा थप समस्या भएको छ । यद्यपि यात्रुहरूको उद्धारको लागि स्थानीय तहसँग समन्वय भइरहेको उपरीक्षक ज्ञवालीले बताउनुभयो ।

*भ्रमहरूबाट...*

गऱ्यो । यसबारे हाम्रा बुद्धिजीवीहरू जानीबुझीकन ‘थाहा नपाएको’ स्वाङ गर्छन् वा आफ्नो सानो व्यक्तिगत हितको कारण केही बोल्न नचाहेका हुन् । त्यस्तै, केही बुद्धिजीवीहरू हाकाहाकी संरा अमेरिकाको हजार अपराधलाई समेत बुझ पचाएर अमेरिकी साम्राज्यवादको ‘युद्धको व्यापार’ को समर्थन गर्छन् । त्यस्ता नेपालीलाई हामीले प्रस्ट भाषामा खण्डन र निन्दा गर्नु आवश्यक छ ।

त्यसो त बेलायती साम्राज्यवादले अमेरिकामा शासन गरेको बेला अमेरिकी स्वतन्त्रता आन्दोलनको विरोधमा बेलायतको पक्ष लिनेहरू पनि थिए । अमेरिकी जनताले स्वतन्त्रता पाएपछि हजारौँ बेलायती साम्राज्यवादका एजेन्ट (दलाल) र पिठूहरूलाई तिरस्कार गरेका थिए र ती विश्वासघातीहरूलाई बेलायत फर्कन बाध्य पारेका थिए ।

आज बेलायत अमेरिकी साम्राज्यवादको ‘सानो पार्टनर’ वा हिस्सेदार ‘पिठ्ठू’ र ‘पुच्छर’ हो भन्नेबारे सारा सचेत युरोपेली जनता स्वीकार्छन् । दक्षिण कोरिया, फिलिपाइन्स र अन्य दक्षिण एसियाली देशहरूमा अमेरिकी सेना र पुँजीको लगानी छ । जापानको आजको संविधान दोस्रो विश्वयुद्धमा हारेपछि अमेरिकाले नै बनाइदिएको हो । त्यहाँ पनि अमेरिकी सेना छ । भारतको विशाखापटनममा पनि अमेरिकी जलसेना छ । हिटलर र मुसोलिनीको पुस्तकको पूजा गर्ने पूर्व अमेरिकी राष्ट्रपति ट्रम्पका मित्र भारतका प्रम मोदी र उनको सरकारको नीति फासीवादी नै भएकोले भारतीय जनताको विरोध बढ्दै छ । यसकारण, हामी नेपालीहरू अमेरिकी चाल (एमसीसी) बाट सचेत हुनैपर्छ, पछि पछुताएर के गर्ने !?

## सङ्क्षिप्त समाचार

# ट्राफिक कारबाहीबाट रु. १३ लाख राजस्व सङ्कलन

कर्णाली, ७ चैत । कर्णाली प्रदेशमा ट्राफिक कारबाहीमा परेका सवारीसाधनबाट फागुनमा रु. १३ लाख राजस्व सङ्कलन भएको छ । नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय कर्णाली प्रदेश सुर्खेतले फागुनमा प्रदेशका विभिन्न जिल्ला तथा क्षेत्रमा गरेको जाँचका क्रममा एक हजार ४३१ सवारी कारबाही परेका हुन् ।

ती सवारीधनीबाट रु. १३ लाख आठ हजार राजस्व सङ्कलन गरिएको उक्त कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक हरिबहादुर बिसीले जानकारी दिनुभयो । रत्न राजमार्ग, कर्णाली राजमार्ग, राप्ती राजमार्ग, मध्यपहाडी लोकमार्ग, भेरी करिडोर, मदन भण्डारी राजमार्ग, कर्णाली करिडोरलगायत भित्रीक्षेत्रमा पर्ने सडकखण्डमा कार्यालय तथा मातहत जिल्ला ट्राफिक प्रहरी कार्यालयमा कार्यरत प्रमुखबाट राजमार्ग सुरक्षा गस्ती गर्ने क्रममा ती सवारीसाधन कारबाहीमा परेका उहाँले बताउनुभयो ।

"फागुनमा ९३ सवारी दुर्घटना हुँदा १३१ सवारी संलग्न रहेका पाइएको छ । उक्त दुर्घटनामा सात पुरुष र एक महिला गरी आठ जनाको मृत्यु भएको छ", सूचना अधिकारी बिसीले भन्नुभयो, "दुर्घटनाको कारण ९३ पुरुष, ४७ महिला, १० बालक र १० बालिका गरी १६० जना घाइते भएका थिए । त्यसमा ६४ गम्भीर र ९६ सामान्य घाइते भएका छन् ।" दुर्घटनाको प्रमुख कारण तीव्र गति, मादक तथा लागुपदार्थ सेवन, चालकको असक्षमता, गलत स्थानमा पार्किङलगायत रहेको उहाँले बताउनुभयो । सूचना अधिकारी बिसीका अनुसार सडक दुर्घटना न्यूनीकरण गर्न ट्राफिक नियम पालनासम्बन्धी विद्यालय, कलेजमा ट्राफिक सचेतना कक्षा सञ्चालन, व्यवसायी, चालक परिचालक, स्थानीय टोल, समुदाय, सर्वसाधारण, पैदल यात्रुलाई पनि ट्राफिक सचेतना गराइएको छ । त्यसबाट ३२ हजार ५६ जना लाभान्वित भएका जानकारी दिनुभयो । फागुनमा ७८ हजार ८३९ सवारीसाधनको जाँच गरिएको राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय कर्णाली प्रदेश सुर्खेतले जनाएको छ ।

# वातावरण संरक्षण मञ्च भक्तपुरद्वारा ज्ञापनपत्र पेस

भक्तपुर, ६ चैत । वातावरण संरक्षण मञ्च भक्तपुरद्वारा शुक्रबार चाँगुनारायण नगरपालिकाका प्रमुख जीवन खत्रीसमक्ष ज्ञापनपत्र पेश गरिएको छ ।

वातावरण संरक्षण मञ्चको ज्ञापनपत्र बुझ्दै प्रमुख खत्रीले चाँगु नारायण नगरपालिकाभित्र भइरहेको अवैध बालुवा माटो निकाल्ने कामबाट विश्व सम्पदामा सुचीकृत चाँगु नारायण मन्दिर संरक्षणमा चुनौती थपिएको बताउँदै प्रारम्भिक वातावरणीय परीक्षणसहित स्वीकृत गर्ने कार्यविधि रहेको बताउनुभयो ।

वातावरण संरक्षण मञ्च भक्तपुरको ज्ञापनपत्रमा चाँगुनारायण नगरपालिका विभिन्न वडामा भएको अवैध माटो र बालुवाखानी सञ्चालनबाट प्राकृतिक स्रोतको दोहनले वातावरण प्रदुषणसँगै प्राकृतिक संचरना बिग्रेको तथा नगरभित्र सञ्चालन भएका ईट्टा भट्टाहरूबाट मानव स्वास्थ्यमा प्रतिकूल असर परेको जनगुनासोको ध्यानाकर्षण गराएको छ ।

साथै मञ्चले डाँडा सम्याउने प्रयोजनमा स्वीकृति दिँदा प्राकृतिक स्रोतको दोहनसँगै विश्व सम्पदामा सूचिकृत चाँगुनारायण मन्दिर र त्यहाँको वस्तीमा पहिरो जाने, भासिने वा अन्य प्राकृतिक जोखिम बेहोर्नुपर्नेप्रति सजग गराएका छन् ।

वातावरण संरक्षण मञ्च भक्तपुरका अध्यक्ष न्हुछेबहादुर प्रजापतिको प्रतिनिधिमण्डलले चाँगु नारायण नगरपालिकाको सभाकक्षमा नगर प्रमुख खत्रीलाई उक्त ज्ञापनपत्र र मञ्चको वातावरणीय पत्रिका स्वच्छ वातावरण वितरण गरिएको थियो ।

# अन्तर्राष्ट्रिय जातीय विभेद उन्मूलन दिवस : छुवाछूत ऐन छ, कार्यान्वयन छैन

काठमाडौँ, ७ चैत । आज ६१ औं अन्तर्राष्ट्रिय जातिय विभेद उन्मूलन दिवस 'समान हक र समान अधिकारका लागि एकीकृत दलित आन्दोलन, समाजवादको आधार निर्माणको लागि संविधान संशोधन' देशका विभिन्न भागमा विविध कार्यक्रम गरी मनाईदै छ ।

आज साँझ माइतीघरमण्डलमा दीप प्रज्ज्वलनको कार्यक्रम छ । त्यसैगरी शनिबार बिहान यहाँ ऱ्याली आयोजना गरिएको थियो । राष्ट्रिय दलित आयोग र दलित सङ्घसंस्थाले आज 'दलित समुदायको न्यायमा पहुँचका लागि राज्य संरचनाको प्रभावकारी पहिचान' शीर्षकमा छलफल पनि कार्यक्रमको आयोजना गरेको छ ।

नेपालमा दलित समुदायमाथि हुने जातीय भेदभाव तथा छुवाछूत अझै कायम रहेको गुनासो दलित समुदायका अगुवाहरूले गरेका छन् ।

यसैबिच, प्रतिनिधिसभा सदस्य निर्वाचित गणेश विकले इनिषा विक प्रकरणलगायत देशका विभिन्न स्थानमा भएका घटनाको छानबिन गरी दोषीमाथि कारबाहीका लागि माग गर्दै यस्ता घटना हुन नदिने अवस्था सिर्जना गर्न निरन्तर सङ्घर्षमा लामबद्ध हुन सम्बद्ध सबैलाई आह्वान गर्नुभएको छ ।



**जीर्ण अवस्थामा पुल**

रामेछापको रामेछाप नगरपालिका-९को हर्दिनी र सिन्धुलीको गोलन्जोर गाउँपालिका-६ हैवार जोड्ने सुनकोसी नदीमा रहेको जीर्ण अवस्थाको हर्दिनी घाटको पुल । वि.सं २०८१ असोज महिनामा सुनकोसीमा आएको बाढीले क्षति पुऱ्याएकोमा हालसम्म पुल मर्मत नहुँदा बाँस राखेर जोखिमपूर्ण तरिकाले आवतजावत गर्न यहाँका स्थानीय बाध्य छन् । *तस्बिर : रमेश ढुङ्गेल/रासस*

# निर्वाचनमा बालअधिकार उल्लङ्घन : अध्ययनले देखायो ३५० घटना

काठमाडौँ, ७ चैत । प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा बालअधिकारसम्बन्धी निर्वाचन आचारसंहिता कार्यान्वयन अध्ययन प्रतिवेदनले निर्वाचनअघि र निर्वाचनपछि ३५० उल्लङ्घनका घटना दर्ता भएको देखाएको छ ।

बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान नेपाल (सिजप) ले आफ्ना सदस्य संस्थाबाट गरिएको स्थलगत अवलोकन, प्रादेशिक सञ्जालबाट प्राप्त प्रतिवेदन, सञ्चारमाध्यमको निगरानी तथा 'डिजिटल प्लेटफर्म' को अनुगमनका आधारमा निर्वाचनअघि बालबालिकासम्बन्धी २८६ घटना दर्ता भएका जनाएको छ । निर्वाचनपछि १९ घटना भएका प्रतिवेदनमा उल्लेख छ ।

निर्वाचन प्रचारको क्रममा रौतहटको ईशनाथ नगरपालिका-४ मठियाटोलमा गत माघ २२ गते एकजना ४ वर्षीय बालिकाको गाडी ठक्करबाट मृत्यु भएको थियो । धनुषा जिल्ला मिथिला नगरपालिका-९ मा २०८२ फागुन १९ गते पुलमाथि राखिएको शङ्कास्पद वस्तु विस्फोट हुँदा १५ वर्षीया बालिका आशा भुजेल र आठ वर्षीय बालक सुशील माझी घाइते भएका थिए । पाँचथरको फिदिम र कास्कीको अन्नपूर्ण गाउँपालिकाको विद्यालयमा निर्वाचनअघि सुरक्षा निकायले हतियारसहित बालबालिका भएको घरमा प्रवेश गरेको घटना पनि दर्ता भएको थियो ।

अध्ययनले निर्वाचनपूर्व राजनीतिक प्रचारप्रसारमा बालबालिकालाई झण्डा र चिह्नन बोकेर जुलुस तथा आमसभामा सहभागी गराउने, राजनीतिक नाराहरू लगाउने, प्रचार सामग्री वितरण गर्ने, राजनीतिक पोशाक लगाउने, गीत तथा नृत्य कार्यक्रममा भाग लिन लगाउनेजस्ता गतिविधिहरू गरिएको थियो । कतिपय घटनामा बालबालिकामार्फत प्रचार भिडियो र सामाजिक सञ्जाल सामग्री निर्माण गरी मत माग्ने वा विशेष दलको समर्थन गर्न सन्देश सम्प्रेषण गरिएको प्रतिवेदनमा उल्लेख छ ।

विद्यालय पोशाकमै विद्यार्थीहरूलाई जुलुसमा सहभागी गराउने, राजनीतिक नेताहरूले विद्यालय भ्रमण गर्ने, विद्यालय नजिक चुनावी कार्यक्रम सञ्चालन हुने र बस प्रयोग हुने जस्ता गतिविधिले विद्यालयलाई बालमैत्री र राजनीतिक रूपमा तटस्थ स्थान बनाउन चुनौती पुऱ्याएको अध्ययनले देखाएको छ । अभियानका अध्यक्ष तिलोत्तम पौडेलका अनुसार यस्ता क्रियाकलापले निर्वाचन आचारसंहिताको प्रत्यक्ष उल्लङ्घन गरेका छन् ।

अभिभावकले बालबालिकामार्फत मत माग्ने भिडियो बनाउने, सामाजिक सञ्जालका प्रभावशाली व्यक्तिहरूले बालबालिकालाई राजनीतिक सामग्रीमा प्रयोग गर्ने, बालबालिकाले राजनीतिक सन्देश दोहोऱ्याउने वा प्रतिस्पर्धी दलको आलोचना गर्ने र भिडियो सामग्रीबाट आर्थिक लाभ उठाउने जस्ता गतिविधिले बालबालिकालाई जोखिममा राखेको प्रतिवेदनले औँल्याएको छ ।

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका उपसचिव दुर्गाप्रसाद चालिसेले चुनावमा मतदान अधिकृत रूपमा भूमिका निभाउँदै गर्दा बालबालिकाको दुरुपयोगको अवस्था कम गर्न सकिएको बताउँदै सरोकारवाला निकायको सहकार्य र खबरदारीका कारण यो सम्भव भएको बताउनुभयो । राष्ट्रिय बाल अधिकार परिषद्का कार्यक्रम संयोजक श्रीराम अधिकारीले बालबालिकाको दुरुपयोग रोक्न कानुनी रुपमा नै कडा व्यवस्था ल्याउनुपर्ने बताउनुभयो ।

राष्ट्रिय माव अधिकार आयोगका खिमानन्द बस्यालले विगतको निर्वाचनको तुलनामा यसपालीको निर्वाचनको समयमा बालबालिकाको दुरुपयोग केही कम भए पनि सुधारका धेरै काम बाँकी रहेको बताउनुभयो ।

निर्वाचन आयोगले केही उल्लङ्घनको सम्बन्धमा कारबाही गरेको थियो । श्रम संस्कृति पार्टीलाई दफा १३ को उपदफा (१) को खण्ड (घ) उल्लङ्घन गरेकोमा रु २५ हजार जरिवाना गरेको छ । जाजरकोट क्षेत्र नं १ का उम्मेदवार शक्तिबहादुर बस्नेतलाई पनि समान प्रावधान उल्लङ्घन गरेकोमा रु २५ हजार जरिवाना गरिएको आयोगले जनाएको छ । निर्वाचनअघिको तुलनामा मतदानको दिन बालबालिकासम्बन्धी प्रत्यक्ष उल्लङ्घनका घटना न्यून देखिएका थिए । मतदान केन्द्रको रूपमा विद्यालय भवनको व्यापक प्रयोगसम्बन्धी संरचनात्मक चुनौती देखा परेको छ । देशभरका १० हजार ९६७ मतदानस्थलमध्ये करिब ९ हजार ४५० विद्यालयमा स्थापना गरिएको थियो ।

अध्ययनले राजनीतिक दल, राज्य निकाय, समुदाय र परिवार सबैको जिम्मेवार भूमिका आवश्यक रहेको सुझाएको छ । राजनीतिक दललाई चुनावी अभियान, जुलुस, प्रचार सामग्री तथा डिजिटल सामग्रीमा बालबालिकालाई प्रयोग नगर्न, बालअधिकारको सम्मान गर्दै बालमैत्री चुनावी अभ्यास अपनाउन र विद्यालय तथा बालबालिका केन्द्रित स्थानमा चुनावी गतिविधि नगर्न सिफारिस गरिएको छ ।

प्रतिवेदनले निर्वाचन आयोगलाई बालबालिकाको प्रयोग निषेध गर्ने आचारसंहिताको प्रभावकारी अनुगमन, मतदाता शिक्षा कार्यक्रममा बालअधिकार सचेतना समावेश, सरकार र नीति निर्मातालाई कानुनी प्रावधान सुदृढ गर्ने, डिजिटल माध्यममा बालबालिकाको राजनीतिक प्रयोग रोक्न निर्देशिका बनाउन सुझाव दिएको छ ।

अभियानले सुरक्षा निकाय, परिवार, विद्यालय र समुदायलाई आफ्नो भूमिका निर्वाह गर्न आग्रह गरेको छ । अध्ययन सन् ५० जिल्लाका १०७ सदस्य संस्था, सातवटै प्रदेशका प्रदेश समिति, सामुदायिक रेडियो प्रसारक सङ्घ, बालबालिका क्षेत्रका विभिन्न सञ्जाल र नागरिक समाजको सहकार्यमा गरिएको थियो । अध्ययनका निम्ति अन्तर्राष्ट्रिय गैरसरकारी संस्था सेभ द चिल्ड्रेनबाट प्राविधिक सहयोग प्राप्त भएको थियो ।

# बीपी राजमार्गमा अवरुद्ध सवारीसाधन 'होल्ड'

काभ्रेपलाञ्चोक, ७ चैत । अविरल वर्षाका कारण काभ्रेपलाञ्चोक रोशी क्षेत्रमा खोलाको पानीको बहाव बढेपछि आज बिहानदेखि बिपी राजमार्ग अवरुद्ध भएको छ ।

उक्त क्षेत्रमा गतसाल बाढीपहिरोले राजमार्ग क्षतिग्रस्त बनाएपछि खोलामै अस्थायी सडक बनाएर सञ्चालनमा ल्याइएको थियो । आज बिहान ३:३० बजे रोशी गाउँपालिकाको चारसयबेँसी, गिम्दी, बाउन्ने र कालढुङ्गामा सडक अवरुद्ध भएको जिल्ला ट्राफिक कार्यालय प्रमुख सुनिल धाँजूले जानकारी दिनुभयो । उहाँका अनुसार यसअघि खोलाबाटै सडक सञ्चालनमा ल्याइएकाले पानीको बहाव घटेपछि मात्रै सडकलाई सञ्चालनमा ल्याउन सकिने देखिएको छ ।

यद्यपि, सडक विभागमार्फत सुरक्षाकर्मीको समन्वयमा सडक खुलाउने प्रयास भने सुरु गरिएको उहाँको भनाइ छ ।

यसैबिच वर्षाका कारण बिपी राजमार्गको रोशी क्षेत्रको विभिन्न स्थानमा सडक अवरुद्ध भएपछि ट्राफिक प्रहरीले आज बिहानैदेखि सवारी साधन 'होल्ड' गरेको छ । उक्त राजमार्गअन्तर्गत प्रवेशमार्गस्थल धुलिखेलको काभ्रेभञ्ज्याङ र भकुण्डे तथा पूर्वतर्फबाट राजधानी प्रवेश गर्ने नेपालथोक र मङ्गलटारमा सवारीसाधन होल्ड गराइएको धाँजूले बताउनुभयो ।

# बुटवल-नारायणगढ सडक अवरुद्ध

मध्यविन्दु (नवलपरासी), ७ चैत । वर्षाका कारण सडक चिप्लो भएपछि सवारी पार हुन नसकेपछि बुटवल-नारायणगढ खण्डमा सवारी आवागमन अवरुद्ध भएको छ । पूर्वपश्चिम राजमार्गअन्तर्गत नवलपरासी (बर्दघाट सुस्तापूर्व) को विनयी त्रिवेणी गाउँपालिका-२ दाउन्ने खण्ड वर्षाले चिप्लो हुँदा उक्त सडक अवरुद्ध भएको हो ।

दाउन्नेको घिउखोला र विश्वकर्मा मन्दिर नजिकै वर्षाका कारण सडक चिप्लो हुँदा सवारीसाधन फसेकाले सडक अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्तापूर्व) का प्रहरी उपरीक्षक युवराज खड्काले बताउनुभयो । उहाँका अनुसार शुक्रबार दिउँसोदेखि परेको वर्षाले सडक हिलो र चिप्लो हुँदा उकालोमा सवारीसाधन पार हुन नसक्दा सवारीको जाम लागेको छ ।

"हल्का वर्षामा पनि गाडी चिप्लिएर गुड्न सकेका छैनन्, हिलो बाटोमा सवारीसाधन फसेर समस्या भएको छ", प्रहरी उपरीक्षक खड्काले भन्नुभयो, "पूर्वबाट पश्चिम जाने सवारीहरू उकालोमा चिप्लिएकाले अहिले सडक अवरुद्ध भएको छ ।"

दाउन्ने खण्डमा सडक अवरोध भएकाले सवारी आवागमनमा समस्या भएको जनाउँदै मर्मत सञ्चालनको प्रयास भइरहेको नारायणगढ-बुटवल सडक आयोजनाले जनाएको छ । बुटवल-नारायणगढ सडक विस्तारअन्तर्गत दाउन्ने खण्डको निर्माण नसकिँदा सामान्य वर्षामा पनि सडक अवरुद्ध हुने गरेको छ ।

यसैबिच नारायणघाट-बुटवल सडक आयोजना कार्यालयले यही चैत ८ गतेसम्म प्रत्येक दिन बेलुका ७:०० बजेदेखि बिहान ५:०० बजेसम्म ठूला मालवाहक सवारीसाधन सञ्चालनमा रोक लगाएको छ ।

सम्भावित जोखिम न्यूनीकरण गर्ने उद्देश्यले उक्त खण्डमा रातिको समयमा सवारी आवागमन रोक लगाइएको हो । अहिले साना तथा लामो दूरीका यात्रुवाहक र आकस्मिक सेवाका सवारीसाधन सञ्चालन भइरहे पनि समस्या भइरहेको प्रहरी उपरीक्षक खड्काले जानकारी दिनुभयो ।

। सम्पादकीय ।

# अमेरिकाबाट विश्व आतङ्कित र असुरक्षित

संसद्को निर्वाचनमा कुनै दलले बहुमत प्राप्त गरेर या दुईतिहाइ मत प्राप्त गरेर सरकारको नेतृत्व गर्नु महत्त्वपूर्ण कुरा होइन। निर्वाचनमा दुईतिहाइ प्राप्त गर्दैमा कुनै दल कम्युनिस्ट पार्टी, प्रजातान्त्रिक या देशभक्त दल हुन्छ भन्ने होइन। विगतमा पञ्चायत र भारतको भारतीय जनता पार्टी न प्रजातन्त्रवादी भयो न त कम्युनिस्ट नै भयो। बहुमत प्राप्त गरेर देशमा विदेशी थिचोमिचो, अतिक्रमण र दबाब सहिरहन्छ भने दल बलियो हुनुको अर्थ के रह्यो र ! कुनै निश्चित मार्गनिर्देश नभएको, कुनै दर्शन र सिद्धान्तले नभिजेको दलको सरकारले देशलाई कुन मोडमा कहाँ पुऱ्याउने हो ? यकिन छैन।

प्रतिनिधिसभाको निर्वाचनमा कम्युनिस्ट पार्टीको सीट सङ्ख्या घटेकोमा पुँजीवादी लेखक र बुद्धिजीवीहरूले दक्षिण एसियाबाट कम्युनिस्टहरू खिइँदै गएको टिप्पणी गरे। विगतमा पनि सोभियत संशोधनवादी र विश्वासघातीहरूको कारण पूर्वी युरोपमा भएको समाजवादको अस्थायी हारलाई सबै समाजवादी देश समाप्त भए भनी साम्राज्यवादी र पुँजीवादीहरूले प्रचार गरे। कम्युनिस्ट पार्टीको इतिहास अन्त भयो भन्नेहरू या त पुँजीवादीहरू हुन् या त विश्वासघाती र नक्कली कम्युनिस्टहरू हुन्। पुँजीवादी र साम्राज्यवादी देशहरूले कम्युनिस्ट पार्टीको देश प्रजग कोरिया र क्युवामा नाकाबन्दी गरे। संयुक्त राज्य अमेरिकाले इरानमा आक्रमण गरेलगत्तै क्युवामा पनि आक्रमण गर्ने चेतावनी दियो।

नेपाल मजदुर किसान पार्टीले सुरूदेखि नै साम्राज्यवादको विरोधमा सङ्घर्ष गर्ने प्रजग कोरिया, भियतनामी जनता, लावस र कम्बोडियाको सङ्घर्षको समर्थन गर्दै आएको हो। नेमकिपा साम्राज्यवाद र विस्तारवादको विरोधमा सङ्घर्षरत छ। अमेरिकाले देशका स्वाधीन र सार्वभौम देशमाथि आक्रमणमा सहयोग गर्दै छ; आफै आक्रमणमा उत्रेको छ। साम्राज्यवादको विरोध गर्ने, विदेशी हस्तक्षेप र आक्रमणको विरोध गर्ने देशहरूलाई अमेरिकाले एक एक पाइला गर्दै आक्रमण गरेर कमजोर बनाउने काम गर्दै छ। कम्युनिस्टहरूको देशमा नाकाबन्दी र आक्रमण गरेर हाहाकार बनाउने नियत राखी अमेरिका आक्रमणमा लागेको छ। यो स्वाधीन र सार्वभौम देशमाथिको हस्तक्षेप हो। विश्वका जनता यसको विरोध गर्दै छन्।

ल्याटिन अमेरिकामा तुलनात्मकरूपले क्रान्तिकारी र देशभक्तहरू खुम्चिँदै छन् र दक्षिण एसियामा कम्युनिस्टहरू खिइँदै छन् भन्ने विश्लेषण सत्य होइन। तर, संरा अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको गतिविधिले तेस्रो विश्व युद्धको सम्भावना बढ्दै छ। अमेरिकाले चीनलाई युद्धमा सामेल गराउने जाल बुन्दै छ। कहिले तिब्बतीहरूलाई उचालेर तिब्बतमा उत्पात् मच्चाउने त कहिले हङकङमा आन्तरिक द्वन्द्व चर्काएर चीनलाई फसाउने काममा अमेरिका लागिपरेको छ। अमेरिकाले नेपाली भूमिलाई उपयोग गरेर अमेरिकी सेना भित्र्याउन एसपीपीको चर्चा ल्याउँदै छ। देशमा राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू बढ्नु पनि विदेशी चलखेलका दृष्टान्तहरू हुन्। अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरू खुलमखुला भित्रिन थालेकै कारण यहाँ विदेशी चलखेल बढेको हो; गुप्तचरहरू छिरेर उत्पात् हुन थालेको हो। विदेशी चलखेल र घुसपैठले नै सिंहदरबार, संसद् भवन, सर्वोच्च अदालत आदि जलेको हो।

सिद्धान्त र विचारबाट नभिजेका देशका अशिक्षित र सांस्कृतिकस्तर नभएका जनताको मत लहलहैमा जानसक्छ; लोभलालचमा फसेर मतमा हेरफेर हुनसक्छ। पुँजीवादी निर्वाचनमा मतको हेरफेर हुनु स्वाभाविक हो। यसैलाई आधार मानेर कुनै दलको सिद्धान्त  खिइयो भन्नु दृष्टिदोषबाहेक अरू के हुनसक्छ ? बरू विश्वका जनता साम्राज्यवादी हैकमको विरोधमा उठ्दै छन्। विश्वका जनतामा आएको यो जागरण र साम्राज्यवादविरोधी स्वर फैलिँदै जानु सकारात्मक पक्ष हो।

संसारमा मजदुर र किसान रहेसम्म या श्रमजीवी जनता रहेसम्म कम्युनिस्टहरू खिइँदैनन्। बरू, सचेत र सङ्गठित भएर अगाडि बढ्नेछन्; बढिरहेका छन्। यो एसिया, अफ्रिका, ल्याटिन अमेरिका हुँदै युरोपका विभिन्न मुलुकमा पुग्नेछन्। अमेरिकी जनता पनि अमेरिकी प्रशासनको विरोध गर्दै छन्। त्यहाँ पनि वामपन्थी शक्ति बढ्दै छ। साम्राज्यवादको विरोधमा विश्वका जनशक्ति एक हुँदै छ। अमेरिका विश्वबाट एक्लिँदै छ। अत: शक्तिको उन्मादमा चढेको अमेरिका अरू देशमा आक्रमण गर्दै विश्वलाई आतङ्कित र असुरक्षित बनाउँदै छ। ढिलो चाँडो अमेरिकी साम्राज्यवाद पतन हुनेछ र विश्वका जनता सुरक्षितका साथ जोहो गर्न पाउनेछन्।

# के हो विश्वलाई आश्चर्यमा पार्ने चिनियाँ विकासको मोडल ?

● चेतनाथ आचार्य

पछिल्लो समय चीनले विश्वलाई आश्चर्य बनाउने गरी विकास गरेको छ। अरू देशको विकास अधोगतिमा जाँदा चिनियाँ विकासले आफ्ना लक्ष्य सहजै भेटिरहेका छन्।

चिनियाँ आर्थिक तथा सामाजिक विकासको सफलता पछाडि चिनियाँ पञ्चवर्षीय योजनालाई मानिन्छ। चीनले चौधौँ पञ्चवर्षीय योजना (२०२१-२०२५) लाई सफलतापूर्वक सम्पन्न गरेर पन्ध्रौँ पञ्चवर्षीय योजना (२०२६-२०३०) थालनी गरेको छ।

चौधौँ पञ्चवर्षीय योजनाको सफलताको समीक्षा गर्दै आगामी दिनमा पनि उच्च-गुणस्तरीय विकासमा ठोस प्रगति हासिल गर्ने घोषणा चीनले गरेको छ। चीनका नयाँ घोषणामा वैज्ञानिक तथा प्राविधिक क्षेत्रमा आत्मनिर्भरता अभिवृद्धि गर्ने र सन् २०३५ सम्म समाजवादी आधुनिकीकरणको आधारभूत लक्ष्यतर्फ अग्रसरमा केन्द्रित हुने उल्लेख छ।

औद्योगिक उन्नयन, वैज्ञानिक तथा प्राविधिक नवप्रवर्तन, ग्रामीण पुनरुत्थान, सहकारीका नयाँ रूपहरू विकास गर्दै उच्चस्तरीय खुलापन विस्तार गर्दै हरित विकासलाई निरन्तरता दिने विषयलाई चीनले प्राथमिकतामा राखेको छ।

चौधौँ पञ्चवर्षीय योजनाका मुख्य उपलब्धिहरूमा आर्थिक वृद्धि र स्थिरता पहिलो नम्बरमा पर्छ। सन् २०२४ मा चीनको कुल गार्हस्थ उत्पादन (जीडीपी) १३४ ट्रिलियन युआन नाघेको थियो। जसमा औसत वार्षिक वृद्धिदर ५.५ प्रतिशत रह्यो। सो अवधिमा चीनको अर्थतन्त्र करिब ३५ ट्रिलियन युआनले विस्तार हुँदै विश्वव्यापी आर्थिक वृद्धिमा औसत ३० प्रतिशत योगदान दियो।

दोस्रो उपलब्धिमा प्राविधिक तथा औद्योगिक प्रगतिलाई लिन सकिन्छ। चीन लगातार १५ वर्षसम्म विश्वको सबभन्दा ठुलो उत्पादक राष्ट्र बनेको छ। यस अवधिमा एआई उद्योगमा चीनले सन् २०२३ मा मात्र ५७८.७ अर्ब युआन लगानी गऱ्यो भने क्वान्टम सञ्चार र उच्च-स्तरीय चिप्समा ठुलो सफलता हासिल गऱ्यो।

विश्वस्तरीय प्रतिस्पर्धामा डिपसिकजस्ता एआई मोडलले उच्च स्थान प्राप्त गरेको छ।

त्यसैगरी अन्तरिक्ष स्टेसन निर्माण, चन्द्रमाको दुर्गम भागबाट नमुना सङ्कलन र विश्वकै पहिलो चौथो पुस्ताको आणविक ऊर्जा प्लान्टलाई चीनले व्यावसायिक सञ्चालनमा ल्याएको छ।

तेस्रो उपलब्धिको रूपमा गरिबी निवारण र जनजीविकामा सुधारलाई लिन सकिन्छ।

चौधौँ पञ्चवर्षीय योजना अवधिमा चीनले अघिल्लो अवधि (तेह्रौँ पञ्चवर्षीय योजना) मा गरिबीबाट मुक्त गरेको ९ करोड ८९ लाख ९० हजार मानिसलाई संरक्षण गर्दै गरिबीबाट उकासिएकाहरूमध्ये ३ करोडभन्दा बढीलाई रोजगारी उपलब्ध गरायो। पुन: गरिबीमा फर्किने जोखिममा रहेका ६० लाखभन्दा बढी मानिसलाई सहयोग गऱ्यो।

चीनले विश्वकै ठुलो सामाजिक सुरक्षा प्रणाली र मध्यम आय भएको जनसङ्ख्या निर्माण गरेको छ।

चीनले प्राप्त गरेको अर्को उपलब्धिमा अन्तर्राष्ट्रिय सहयोग र खुलापन छ। उच्चस्तरीय खुलापनको नीतिअन्तर्गत चीनले बीआरआई परियोजनाअन्तर्गत सन् २०२५ को पहिलो चार महिनामा मात्रै ३ अर्ब ७९ करोड ९० लाख अमेरिकी डलर राजस्व आर्जन गरेको छ। चीनले १६० भन्दा बढी देशमा विकास सहायता उपलब्ध गराएको छ। यही अवधिमा चीनले ४.७ ट्रिलियन युआनभन्दा बढी वैदेशिक लगानी भित्र्याएको छ।

चीनले पन्ध्रौँ पञ्चवर्षीय योजनामा 'उच्च-गुणस्तरको विकास' लाई केन्द्रमा राख्दै बाह्य जोखिमको सामना गर्न प्राविधिक आत्मनिर्भरता बढाउने, औद्योगिक स्तरोन्नति गर्ने र घरेलु खपतलाई प्राथमिकतामा राख्ने नीति लिएको छ। यी नीति सफल बनाउन एआई/रोबोटिक्स विकास, हरित ऊर्जा सङ्क्रमण र राष्ट्रिय सुरक्षालाई प्राथमिकतामा राख्दै द्रुत र मात्रा-सञ्चालित आर्थिक वृद्धिभन्दा संरचनात्मक आर्थिक परिवर्तनका लागि पहल गर्ने दिशानिर्देश गरेको छ।

चीनले हरित सङ्क्रमण र ऊर्जा सुरक्षालाई दिगो विकासको आधार मानेको छ। यस्तो आधारले 'सुन्दर चीन' पहलहरू प्राप्त गर्ने लक्ष्यका साथ कार्बन उत्सर्जनलाई शिखरमा पुऱ्याउने, नवीकरणीय ऊर्जा (सौर्य, वायु, आणविक) लाई बढावा दिने र ऊर्जा दक्षता स्तरोन्नति गर्ने प्रतिबद्धता जनाएको छ। चीनले कोइला र तेल खपतका लागि योजनाहरू प्रस्तुत गरेर एक महत्त्वपूर्ण परिवर्तनलाई अँगालेको छ।

पन्ध्रौँ पञ्चवर्षीय योजनामा चीनले औद्योगिक स्तरोन्नतिका लागि थप लचिलो औद्योगिक आधार सिर्जना गर्न प्रविधि एकीकरणमार्फत परम्परागत उत्पादन क्षेत्रहरूलाई आधुनिकीकरण गर्दै छ। राष्ट्रिय सुरक्षासँग आर्थिक वृद्धि सन्तुलन गर्न आपूर्ति शृङ्खला, खाद्य, ऊर्जा र डेटा सुरक्षालाई सुनिश्चित गर्न राष्ट्रिय सुरक्षा र स्थिरता अपनाएको छ।

चीनमा भर्खरै सम्पन्न बाऱ्हौँ राष्ट्रिय जनकाङ्ग्रेसको चौथो अधिवेशनमा प्रस्तुत चीनको सरकारी कार्य प्रतिवेदनमा आर्थिक तथा सामाजिक विकासका लागि १५ औँ पञ्चवर्षीय योजनाबारे उल्लेख छ। उक्त प्रतिवेदनअनुसार सन् २०२६ देखि २०३० सम्म चीनको सामाजिक तथा आर्थिक विकासका लागि बाध्यकारी मार्गदर्शक हुने उल्लेख छ।

पन्ध्रौँ पञ्चवर्षीय योजनाअनुसार सम्पूर्ण नवीनता शृङ्खलालाई फैलाउने नीतिगत उपायहरूको विस्तृत दायरासहितको प्रविधि र प्राविधिक आत्मनिर्भरतामा गहन ध्यान केन्द्रित गर्नु हो। यी आधुनिक स्तरोन्नतिदेखि परम्परागत उद्योगहरू अनि एआई र रोबोटिक्स, क्वान्टम कम्प्युटिङ, बायोम्यानुफ्याक्चरिङ र थप सम्भावनाको किनारमा रहेका सीमावर्ती क्षेत्रहरूसम्मका छन्।

यस अवधिमा चीनको 'कार्बन तीव्रता' १७ प्रतिशतले घटाउने लक्ष्य राखिएको छ। यसले प्रमुख जलवायु मेट्रिक गणना गर्ने आधारलाई पनि परिवर्तन गर्छ।

चीनको स्वच्छ-ऊर्जा निर्माणका लागि समर्थनलाई यसले सङ्केत गर्छ। चीनले सौर्य र विद्युतीय सवारी साधनदेखि हाइड्रोजन र 'नयाँ-ऊर्जा' भण्डारणसम्मका धेरै स्वच्छ-ऊर्जा उद्योगहरूलाई यो अवधिमा प्रोत्साहन गर्नेछ। चीनले जलवायु लक्ष्यहरू र ऊर्जा सुरक्षामा ध्यान केन्द्रित गरिरहेको छ।

चीनले सन् २०३० सम्म कुल ऊर्जा खपतमा गैर-जीवाश्म ऊर्जाको हिस्सा २५ प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ। सन् २०२५ मा चीनले २१.७ प्रतिशत मात्र गैर-जीवाश्म ऊर्जा खपत गर्न सकेको छ। चीनले पन्ध्रौँ पञ्चवर्षीय योजना अवधिमा २५ प्रतिशतको लक्ष्य भेट्न निकै मेहनत गर्नुपर्नेछ।

यसका लागि चीनले विद्युतीय सवारी साधन अर्थात् इभी प्रोत्साहन गर्न थालेको छ। सन् २०२६ मा पेइचिङले कुल एक लाख ६० हजार नयाँ हरित ऊर्जा सवारी साधन अनुमतिपत्र जारी गर्ने योजना बनाएको छ। यसमा वार्षिक ८० हजार नियमित कोटा र थप ८० हजार अनुमतिपत्रहरू समावेश छन्।

इभी चालकलाई सहज हुने गरी पेइचिङका १६ वटा राजमार्गका क्षेत्रमा ६७४ वटा चार्जिङ प्वाइन्ट छन्। त्यहाँ ६७ वटा चार्जिङ स्टेसनहरू (स्थायी संरचना) छन् भने ६६ वटा सुपरफास्ट चार्जर छन्। ती सुपरफास्ट चार्जरले १५ मिनेटमा धेरै सवारी साधन चार्ज गर्न सक्छन्।

यूबीएस र एचएसबीसीलगायत लगानी बैङ्कहरू र अनुसन्धान समूहहरूले फाइनान्सियल टाइम्ससँग साझा गरेको पछिल्लो अनुमानअनुसार, चीनमा आन्तरिक ईभी बिक्री वार्षिक रूपमा लगभग २० प्रतिशत बढ्नेछ। सन् २०२५ मा चीनमा ईभी सङ्ख्या १ करोड २० लाखभन्दा बढी पुगेको छ।

सन् २०२५ मा परम्परागत ऊर्जा इन्जिन सवारी साधनको बिक्री १० प्रतिशतले घटेर १ करोड १० लाख युनिटभन्दा कम भएको छ। यो सन् २०२२ को भन्दा ३० प्रतिशतले घटेर एक करोड ४८ लाखले कम हो।

चिनियाँ विद्युतीय सवारी साधन बजारले सन् २०२५ मा अभूतपूर्व स्तर हासिल गरेको छ।

बाँकी पृष्ठ ७ मा












# चीनको अफिम युद्ध

*(चीनको आधुनिक इतिहासबारे जानकारी राख्न चीनको अफिम युद्ध, चीनको ताइपिङ किसान क्रान्ति, दोस्रो अफिम युद्ध, चीनको सुधार आन्दोलन, चीनको सच्चाइ र मेलमिलापको आन्दोलन (बक्सर विद्रोह), चीनको १९११ को क्रान्ति, ४ मई १९१९ को आन्दोलन, चिनियाँ कम्युनिस्ट पार्टीको स्थापना, कोमिनताङ पार्टी र कम्युनिस्ट पार्टीको संयुक्त मोर्चा र सन यात-सेनको मृत्युपछि संयुक्त मोर्चाको विघटन र कोमिनताङको दक्षिणपन्थी पक्षले क्रान्तिलाई विश्वासघात गरेको विषय अध्ययन गर्नु आवश्यक छ ।*

*साम्राज्यवादीहरू र चिनियाँ प्रतिक्रियावादीहरूको गठबन्धनको विरोधमा चीनलाई एक स्वतन्त्र देशको रूपमा उभ्याउन चिनियाँ कम्युनिस्ट पार्टी र मजदुर, किसान, राष्ट्रिय पुँजीपतिवर्ग र अन्य सबै देशभक्तहरूलाई एकगठ गरेर कसरी काम गर्दै गए, के कस्ता विद्रोहहरू भए र योगदान दिए भन्नेबारे जानकारी दिन २०३८ सालको पुस महिनामा काठमाडौँको युवा अध्ययन गोष्ठीले 'चीनका प्रसिद्ध विद्रोहहरू' सम्पादन र प्रकाशन गरेको थियो । सो पुस्तिकामा 'शरद्को बाली काट्ने विद्रोह', '१ अगस्टको नानचाङ विद्रोह', 'नानचाङ विद्रोह र त्यसको ऐतिहासिक महत्त्व', 'क्यान्टन विद्रोह', 'शाङ्घाइका मजदुरहरूको तेस्रो सशस्त्र विद्रोह' र 'क्वाङचाओ विद्रोह' छापिएको थियो । ती लेखहरू 'पेकिङ रिभ्यू' र 'चाइना रिकन्स्ट्रक्सन' बाट उल्था गरिएका थिए । यसबारे जानकारीको निम्ति 'चीनका प्रसिद्ध युद्ध र विद्रोहरू' पुस्तकबाट फेरि साभार गरिएको छ । -सं)*

सन् १८३० तिरको कुरा हो, चीनमा छिङ (Ching) वंशको सरकार थियो । चीन त्यसबेला आत्मनिर्भर किसानी अर्थतन्त्रमा आधारित एक सामन्ती समाज थियो । त्यसबेला बेलायत संसारको सबभन्दा अगाडि बढेको औपनिवेशिक शक्ति थियो । त्यसका पुँजीपतिवर्ग अन्य देशमा जस्तै चीनमा पनि घुस्न चाहन्थ्यो । तिनीहरू चीनमा आफ्ना कपास र ऊनले बनेका तयारी सामान बेच्न चाहन्थे र त्यहाँका कच्चा सामान लैजान चाहन्थे । चीनमा विदेशीहरू आएर बन्द व्यापार गर्न पाउँदैनथे । बेलायती पुँजीपतिवर्ग चीनमा बसेर आफ्नो व्यापार बढाई चिनियाँ जनतालाई ठग्न र लुट्न चाहन्थ्यो । बजार कब्जा गर्न सरकारको स्वीकृति चाहिन्थ्यो वा ढोका खोल्नु आवश्यक थियो ।



***हुमेन (Human) भन्ने समुद्री किनारमा अफिम जलाइँदै***

बेलायती पुँजीपतिहरूले चीनमा अफिमको व्यापार गर्न थाले । त्यसबाट बेलायतले २-३ करोड स्वर्ण मुद्रा वा सुनको इँटा हात पार्यो र १८३५ सम्ममा चीनका २० लाख ठुल-ठुला कर्मचारी, बुद्धिजीवी, जमिनदार, खान्दानी र साहुमहाजनहरू अफिमको लतमा परिसकेका थिए । अफिमको लतले एकातिर माथिल्ला चिनियाँ जनता काम गर्न नसक्ने ऐय्यासी र खर्चालु भए भने अर्कोतिर सुनको भण्डार बेलायतीहरूको हातमा गयो । त्यसले चाँदीको मुद्राको भाउ बढ्यो, साथै तामाको मुद्राको मूल्य पनि बढ्यो । त्यसको प्रत्यक्ष प्रभाव किसान र अन्य काम गरी खाने तल्लो वर्गका जनतामा पर्यो । तिनीहरूले तिर्ने करको भार बढ्दै गयो । जनताको जीवनस्तर तल झर्यो र दैनिक जीवन कष्टकर हुँदै गयो ।

अफिमको व्यापारले देशको चौतर्फी नोक्सान गरेको बारे दरबारमा दुईमत देखापर्यो । एउटा पक्ष, अफिमको व्यापारमाथि रोक लगाउनुपर्छ भन्ने थियो भने अर्को पक्ष त्यसको समर्थनमा थियो । अफिम व्यापारबाट फाइदा उठाइरहेका दरबारी गुट स्वाभाविक रूपमा बेलायतको पक्षमा थियो । तिनीहरू सारमा बेलायतका दलाल भइसकेका थिए ।

चिनियाँ सम्राट ताओ कुआङ (Tao Kuang) ले अफिमको व्यापारमा रोक लगाउन सैनिक अञ्चलाधीशको रूपमा लिन त्से स्यु ( Lin Tse Hsu) लाई क्यान्टनमा खटायो । १८३९ को वसन्तमा क्यान्टन पुग्नासाथै अञ्चलाधीशले सबै विदेशी साहुमहाजन र व्यापारीहरूलाई सम्पूर्ण अफिम चीन सरकारलाई सुपुर्दगी गर्न (बुझाउन) र आयन्दा अफिम व्यापार नगर्न र नल्याउन हस्ताक्षर गर्न आदेश दियो । आज्ञा उल्लङ्घन गर्नेलाई मृत्युदण्ड दिने र सबै सामान जफत गर्ने आदेश पनि सुनाइयो ।

त्यसबेला बेलायती व्यापारको मुख्य अधिकारी क्याप्टेन चार्ल्स इलियट (Captain Charles Elliot) थियो । उसले चीन सरकारको त्यो निर्देशनलाई असफल पार्न बेलायती साहु महाजनहरूलाई अफिम सुपुर्दगी नगर्न र अब आयन्दा अफिमको व्यापार नगर्ने कागतमा हस्ताक्षर नगर्नसमेत आदेश दियो ।


बेलायतीहरूको त्यस अवज्ञाको जवाफमा अञ्चलाधीश लिन त्से स्युले विदेशीहरूका सबै गोदामहरूलाई चिनियाँ सिपाहीहरूले घेर्न लगाए, दानापानी अर्थात् तरकारी र पानी आपूर्ति रोके, तिनीहरूलाई बहालमा दिइएका सबै ठाउँ छोड्ने आदेश दिए तथा बेलायतीहरूकहाँ काम गर्ने सबै चिनियाँ कर्मचारीहरूलाई विदेशी व्यापारीहरूको गोदाम र व्यापार केन्द्रहरू छोड्न निर्देशन दिए ।

तीन दिनको घेराबन्दीपछि क्याप्टेन इलियटले आत्म-समर्पण गर्यो र अफिमको २० हजार बाकस चीन सरकारलाई बुझायो, त्यसमा अमेरिकी साहुमहाजनहरूको एक हजार अफिमको बाकस पनि थियो ।

३ जून १९३९ को दिन हुमेन (Human) भन्ने समुद्री किनारमा तीन दिन लगाएर जफत भएको अफिमलाई आगो लगाई खरानी पारियो । त्यो दिन चिनियाँ इतिहासमा विजयको दिन जत्तिकै खुसी थियो र अञ्चलाधीश एक वीरको रूपमा स्मरण गरिए ।

**युद्धको तयारी**

प्रतिक्रियावादीहरू अन्तसम्म हार मान्दैनन् भनेजस्तै बेलायती पुँजीपतिवर्गले हार मानेन । बेलायतीहरूले युद्धको तयारी गरेको थाहा पाएपछि अञ्चलाधीश लिन त्से स्युले मोती नदी (Pearl River) का किनाराहरूमा फलामे सिक्री र काठहरूले छेकवारहरू बनाउन दिए । नयाँ-नयाँ किल्ला बनाइयो र ३ सय तोपसहितका सिपाहीँहरू नदीका किनारमा तैनाथ गरिए । चिनियाँ पल्टनको उत्साह उँचो थियो र परेड खेलाइयो । त्यहाँ जलसेनाका नायक क्वान तिइन पै (Kuan Tien Pai) थिए ।



*बेलायती आक्रामकहरूविरुद्ध क्यान्टनका जनताले उचालेको झन्डा*

बेलायती आक्रामकहरूले क्वाङतुङ प्रान्तमा समुद्री किनाराबाट घुस्न अनेक प्रयत्न गरे तर सकेनन् । ठाउँ-ठाउँमा आफ्नो देशलाई जोगाउन स्वयम्सेवक दलहरू उपस्थित थिए । सेना र जनताको घनिष्ठ सम्बन्धले गर्दा बेलायती आक्रमण असफल हुँदै गयो । पानी परेको हुँदा बारुद भिजेर बेलायती सेनाको बन्दुक पड्केन र किसान जनताले पछाडिबाट गएर बेलायती सिपाहीँहरूमाथि हमला गरे । अन्तत: बेलायती आक्रमण असफल भयो ।

तर, बेलायती साम्राज्यवादीहरूले अप्रिल १८४० मा पुन: आक्रमण गर्न जर्ज इलियट ( George Elliot) को अगुवाइमा नयाँ तयारी गर्यो । अर्कोतिर बेलायती सरकारले पेचिङको राजदरबारमा सुनको घडी उपहार दिएर मेलमिलाप गर्ने र दुई देशको बिचमा झगडा लगाउने काम गरेको भनी अञ्चलाधीश लिन त्से स्युलाई दोष दियो । दरबारभित्र अफिम व्यापारले फाइदा उठाइरहेका बेलायती दलालहरू लिन त्से स्युको विरोधमा कुरो लगाउँदै थिए । दलालहरूको कुरा सुनेर सम्राट ताबो क्वाङले अञ्चलाधीश लिन त्से स्युलाई बर्खास्त गर्यो र बेलायतसँग मिल्ने चि शान (Chi Shan) लाई अञ्चलाधीश नियुक्त गर्यो ।

बेलायत समर्थक नयाँ अञ्चलाधीश चि शानले क्यान्टन र समुद्री किनारामा बनाइएका सबै किल्ला, रक्षा पङ्क्ति र चौकीहरू भत्काउन दियो । बेलायतले आक्रमण सुरु गर्यो । चिनियाँ सम्राटले सम्झौता गर्न खोज्यो । बेलायतले हङकङ लिने र ६० लाख चाँदीको मुद्रा क्षतिपूर्ति माग गर्यो । चीनले त्यस सर्तलाई अपमान सम्झ्यो र बेलायतको अगाडि नझुक्ने दृष्टिकोण अगाडि सार्यो ।

बेलायतले चिनियाँ सम्राटको मनसाय बुझेर हुमेन (Human) गढमा हमला गर्यो । चिनियाँ जलसेना नायक क्वान तिइन पै अन्तिम व्यक्ति भएसम्म लड्दै रहे । चीनको पराजय भयो र बेलायती सेना क्यान्टनको पर्खालसम्म पुग्यो र राति व्यापक हत्याकाण्ड, लुटपाट र आगो लगाउने काम भयो ।

त्यस घटनाले चिनियाँ जनतामा ठुलो आक्रोश फैलियो । त्यसको बदला लिन चिनियाँ जनताले 'बेलायती सेना दबाउने' (Ping Ying Tuan) सङ्गठन बनाए । १८४१ को मई महिनामा क्यान्टनमा बेलायती सिपाहीँहरूले उत्पात् मच्चाउँदा अचानक घण्टा बज्यो र दसौँ हजार चिनियाँहरूले कुटो कोदाली र साधारण हातहतियार लिएर हमला सुरु गरे । महिला र केटाकेटीले लडाकुहरूलाई खानेकुरा र पानी पुर्याउँथे । पानी परेको हुनाले बेलायती सिपाहीँहरू हिलोमा फसे । बेलायतको अगाडि आत्मसमर्पण गर्ने सरकारी अधिकारीहरूले किसानहरूलाई फकाई-फुलाई घर फर्काए र बेलायतीहरूलाई भाग्न दिए ।


चिनियाँ सरकारले लडाइँ समाप्त भएको सम्झी समुद्र किनारका सबै अवरोध र किल्ला भत्कायो । तर, बेलायतले २५ अगष्ट १८४१ मा पुन: ठुलो आकारको हमला गर्यो र अमोइ ( Amoy) सहर कब्जा गर्यो । एक महिनापछि बेलायतले अमोइको उत्तरको तिङहाइ (Tinghai) ६ दिन ६ रात लडाइँ गरी हात पार्यो र त्यसपछि त्यसको पश्चिमको नगर निग्पो (Nigpo) लाई १३ अक्टोबरको दिन हात पार्यो ।

ती लडाइँहरूमा चिनियाँ सेना नायकहरूले अत्यन्त वीरतापूर्वक लडे, घाइते र रक्ताम्य हुँदै देशको रक्षा गरे तर माथिल्ला पदाधिकारीहरू भित्रभित्र बेलायतसँग मिलेका थिए । त्यस्ता दलालहरूले चीनलाई खाल्डोमा पार्दै थिए ।

बेलायती सेनाले ६ अगस्ट १८४२ मा नानकिङ नजिकै हमला गर्यो । २९ अगस्टको दिन नानकिङ बाहिर बेलायती जहाजमा चीनले पहिले असमान सन्धिमा चीनले हस्ताक्षर गर्यो । त्यस सन्धिअनुसार क्यान्टन, फुचाउ, अमोइ, निग्पो र शाङ्घाई गरी ५ वटा बन्दरगाह सहरमा बेलायतलाई व्यापार गर्न दिने भयो । हङकङ बेलायतलाई छोड्ने, दुई करोड १० लाख चाँदीको मुद्रा चीनले क्षतिपूर्ति दिने तथा बेलायतसँग सल्लाह गरेरमात्रै बेलायती सामानमा करको दर निर्धारण गर्न पाउने सर्त चीनलाई मान्न बाध्य बनाइयो ।

नानकिङ सम्झौतापछि अर्थात् चीनको कमजोरी थाहा पाएपछि बेलायतले चीनमाथि एकपछि अर्को असमान सन्धि थोप्दै गयो । १८४३ मईमा बेलायतले 'सबभन्दा महत्त्व दिएको राष्ट्रको व्यवहार गर्ने' अर्थात् बेलायतलाई अरु शक्ति राष्ट्रभन्दा बढी सहुलियतहरू दिने, चिनियाँ र बेलायती साहु-महाजनबिच कुनै विवाद भएमा बेलायती न्यायिक क्षेत्रभित्र पर्ने अर्थात् बेलायतको कानुनअनुसार फैसला गर्ने आदि चीनमा सर्वाधिकार सम्पन्न महावाणिज्यदूतको बन्दोबस्त गर्न चीन राजी भयो ।

बेलायतले यसरी चीनको सार्वभौमिकता तथा क्षेत्रीय अखण्डतामाथि भाँजो हाल्दै गयो ।




**अफिम युद्धको परिणाम**

**संरा अमेरिकासँग वाङहिया सम्झौता**

बेलायतसँग नानकिङ सम्झौताले चीनसँग निहुँ खोज्न संरा अमेरिकालाई उत्साहित गर्यो र १८४४ फेब्रुअरी महिनामा उसले मकाउ ( Macao) का सर्वाधिकार सम्पन्न दूत पेचिङ पठायो । बेलायतसँग डराएको छिङ सरकारले १८४४ जुलाई महिनामा मकाओ नजिकैको एउटा गाउँ वाङहिया (Wanghia) संरा अमेरिकासँग एक असमान सन्धि गर्यो ।

३४ धारा भएको वाङहिया सन्धिले बेलायतसँगको सन्धिमा भन्दा बढी सहुलियतहरू अमेरिकालाई दिने भयो र विदेशी पुँजीवादी शक्तिको निम्ति चीनको बाटो चौडा हुँदै गयो ।

**फ्रान्ससँग ह्वाङपो असमान सन्धि**

ओरालो लागेको मृगलाई बाछोले पनि लखेट्छ भनेजस्तै चीनमाथि फ्रान्सले पनि ३६ धाराको असमान सन्धिमा हस्ताक्षर गरायो । त्यस सन्धिमा बेलायत र संरा अमेरिकाले पाएको सरह सबै सहुलियतहरू पाउने र चीनमा रोमन क्याथोलिक धर्म प्रचार गर्न पाउने भयो ।

त्यस सन्धिअनुसार चीनको ५ वटा बन्दरगाहहरूमा चर्च वा गिर्जाघर बनाउने र चिहानहरू बनाउन पाउने भयो । ती चर्चका पादरीहरूले चीनविरोधी गतिविधि पनि गर्थे ।

तिनीहरूको अधिकार क्षेत्रभित्र पस्ने वा अतिक्रमण गर्ने चिनियाँहरूलाई र चीनको स्थानीय प्रशासनलाई सजाय वा कारबाहीको निम्ति बुझाउने पनि सन्धिमा उल्लेख थियो ।

**चीन एक अर्ध-उपनिवेश देश बन्यो**

नानकिङ सन्धिपछि बेलायती र अरु साम्राज्यवादी देशहरूको तयारी सामानले चीनको गाउँ-गाउँसम्म बजार पायो । बेलायती कपडाले चीनको कुटीर व्यवस्था ध्वस्त पार्यो । बेलायतले फेरि अफिम बेचेर चीनको चाँदीको सम्पत्ति सोहर्यो र बजार मूल्य बढेर जनता झन्झन् गरिबीमा डुबे । चीनको आत्मनिर्भर अर्थतन्त्रलाई विदेशी पुँजीवादको प्रहारले ध्वस्त पार्यो । चीन एक सामन्ती अर्थतन्त्रबाट अर्ध-उपनिवेशवादी अर्थतन्त्र र अर्धसामन्ती अर्थतन्त्रमा फेरियो ।

१८४९ मा क्यान्टनका जनताले विदेशीहरूलाई नगरभित्र पस्न नदिन ठुलो भिडन्त गरे तर सरकार झुक्यो ।

चिनियाँ जनताले विदेशी आक्रमणकारी र विदेशीको दलाली गर्ने र जनतालाई शोषण गर्ने स्थानीय सामन्ती शासकहरूको विरोधमा सङ्घर्ष गर्न थाले ।



क्यारिबियाली समाजवादी देश क्युवाको राजधानी हवानास्थित जन समारोह दरबारमा अमेरिकी आर्थिक नाकाबन्दीविरुद्ध क्युवाप्रति ऐक्यबद्धता जनाउँदै युरोपका विभिन्न देशबाट स्वास्थ्य उपकरण, सामग्री, औषधि तथा उपभोग्य वस्तु ठुलो डुङ्गामा राखेर क्युवा पुगेका हाम्रो अमेरिका कन्भ्वयका सदस्यहरूलाई स्वागत गर्न आयोजित समारोहमा स्वागत मन्तव्य राख्दै क्युवाली कम्युनिष्ट पार्टीका प्रथम सचिव एवं क्युवाली राष्ट्रपति मिग्वेल डियाज कानेल मार्च २०, २०२६ का दिन ।

*तस्बिर : अदाल्बर्टो रुक /एपी*

# दक्षिण कोरियामा अटो पार्ट्स कारखानामा भीषण आगलागी : १० को मृत्यु, ५९ घाइते, ४ बेपत्ता

डेइजोन, ७ चैत (सिन्ह्वा) । दक्षिण कोरिया को डेइजोन मा रहेको एक अटो पार्ट्स उत्पादन गर्ने कारखानामा शुक्रबार भएको भीषण आगलागीमा कम्तीमा १० जनाको ज्यान गएको छ भने ५९ जना घाइते भएका छन् । साथै चार जना अझै बेपत्ता रहेको अधिकारीहरूले बताएका छन् ।

स्थानीय समयअनुसार दिउँसो करिब १:१७ बजे आगलागी हुँदा कारखानाभित्र झण्डै १७० जना कामदार कार्यरत थिए । अचानक लागेको आगो तीव्र गतिमा फैलिँदा धेरै कामदारहरू भवनभित्रै फसेका थिए ।

अग्नि नियन्त्रण अधिकारीहरूका अनुसार पहिलो पीडित दोस्रो तलामा हृदयघातको अवस्थामा फेला परेका थिए, जसलाई अस्पताल लैजाँदै गर्दा मृत घोषणा गरिएको थियो । त्यसपछि अन्य नौ जनाको शव तेस्रो तलामा भेटिएको पुष्टि गरिएको छ, जसले आगोको प्रभाव माथिल्लो तलासम्म पुगेको सङ्केत गर्दछ ।

आगो नियन्त्रणमा लिन दमकल टोलीले लामो समय सङ्घर्ष गर्नुपरेको थियो । प्रारम्भिक चरणमा धुवाँ र उच्च तापक्रमका कारण उद्धार कार्यमा कठिनाइ भएको थियो । पछि संरचना सुरक्षित रहेको प्राविधिक टोलीले पुष्टि गरेपछि मात्र राति ढिलो गरी उद्धारकर्मीहरू भवनभित्र प्रवेश गर्न सकेका थिए ।

हाल उद्धार टोलीले बेपत्ता चार जनाको खोजी कार्य तीव्र पारेको छ । घाइतेहरूलाई नजिकका अस्पतालहरूमा उपचारका लागि पठाइएको छ, जहाँ केहीको अवस्था गम्भीर रहेको बताइएको छ ।

अधिकारीहरूले आगलागीको कारणबारे अनुसन्धान सुरु गरेका छन् । प्रारम्भिक अनुमानअनुसार औद्योगिक उपकरण वा ज्वलनशील पदार्थबाट आगो सुरु भएको हुन सक्ने आशङ्का गरिएको छ, तर यसको आधिकारिक पुष्टि हुन बाँकी छ ।

यस घटनापछि स्थानीय प्रशासनले औद्योगिक सुरक्षा मापदण्डहरू कडाइका साथ पालना गर्न निर्देशन दिएको छ भने यस्ता घटनाबाट बच्न कारखानाहरूमा सुरक्षा निरीक्षण बढाइने जनाएको छ ।

# मध्यपूर्व सङ्कटको असर विश्वभर: तेल, सुरक्षा र पर्यटन जोखिममा

दुबई,७ चैत (एपी) । मध्यपूर्वमा तीन हप्तादेखि बढ्दो युद्धको बिचमा, इरानले आफ्नो आक्रमणलाई विश्वव्यापी पर्यटन र मनोरञ्जन स्थलमा फैलाउने धम्की दिएको छ । त्यसैबिच, अमेरिकाले यस क्षेत्रमा थप युद्धपोत र सैनिक पठाउने घोषणा गरेको छ ।

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले सामाजिक सञ्जालमा उनको प्रशासन यस क्षेत्रको सैन्य अभियानलाई क्रमशः घटाउने विकल्पमा विचार गरिरहेको बताएका छन् । तेलको मूल्यमा वृद्धि र अमेरिकी शेयर बजारमा गिरावट आएपछि यस्तो मिश्रित सन्देश आएको हो ।

यसैबिच, इजरायलले इरानले शनिबार बिहान पुनः मिसाइल आक्रमण जारी राखेको छ भने साउदी अरेबियाले केही घण्टाभित्रै २० ड्रोन निश्क्रिय पारिएको जनाएको छ । त्यस क्षेत्रमा मुख्य तेल प्रतिष्ठानहरू रहेका छन् । कुनै मानव क्षति वा संरचनागत हानि भने भएको छैन ।

इरानले आक्रमणलाई बढाउँदै आफ्नो खाडी छिमेकीमा असर पुऱ्याइरहेको छ, जबकि हर्मुज जलमार्गमा व्यापार नियन्त्रण जारी राखेको छ । यो मार्ग विश्वको तेल र अन्य महत्त्वपूर्ण वस्तुहरूको लगभग पाँचौं हिस्सा बोक्ने मार्ग हो ।

इरानी सर्वोच्च नेता मोज्तबा खामेनीले नवरोज पर्वको अवसरमा राष्ट्रलाई सम्बोधन गर्दै अमेरिकी र इजरायली आक्रमणहरू असफल भएको बताउनुभयो । उहाँले इरानी जनताको दृढतामा प्रशंसा गर्नुभयो ।

इरानी सेनाका उच्च अधिकारीहरूले 'विश्वका पार्क, मनोरञ्जन क्षेत्र र पर्यटन स्थलहरू' देशका शत्रुका लागि सुरक्षित नहुने चेतावनी दिएका छन् । यसले इरानले मध्यपूर्व बाहिर पनि आक्रमण गर्ने सम्भावना कायम राखेको देखाउँछ ।

अमेरिकाले इरानी तेलमा केही प्रतिबन्ध हटाउने घोषणा पनि गरेको छ, जसले मूल्य नियन्त्रण गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ । तर उत्पादनमा वृद्धि नभएपछि तेलको आपूर्ति र मूल्यमा ठूलो असर नपर्ने देखिन्छ ।

युद्धमा हालसम्म इरानमा एक हजार ३०० भन्दा बढी, इजरायलमा १५ र पश्चिम बैङ्कमा चार नागरिकको मृत्यु भएको छ । सयौँको मृत्युको अनमानबिच अमेरिकी सेनाका १३ सदस्यको मात्र मृत्यु भएको स्वीकार ट्रम्प प्रशासनले गरेको छ ।




## सङ्क्षिप्त समाचार

# इरानद्वारा संयुक्त अरब इमिरेट्सलाई आफ्नो क्षेत्रबाट इरानविरुद्ध आक्रमण गर्न नदिन चेतावनी

तेहरान, ७ चैत (एएफपी) । इरानी सेनाले शनिबार संयुक्त अरब इमिरेट्सलाई रणनीतिक स्ट्रेट अफ होर्मुज नजिकैका विवादित टापुमा आफ्नो क्षेत्रबाट आक्रमण गर्न नदिन चेतावनी दिएको छ ।

इरानी सेनाले विज्ञप्ति जारी गर्दै यदि संयुक्त अरब इमिरेट्सको क्षेत्रबाट इरानविरुद्ध कुनै आक्रमण भयो भने इरानले संयुक्त अरब इमिरेट्समा आक्रमण गर्ने चेतावनी दिएको छ ।

अबु मुसा र ग्रेटर टुनब टापुहरू, जुन इरानद्वारा नियन्त्रित छन् भने लामो समयदेखि दुई देशबिच विवादको विषय बनेका छन् ।

यी टापुहरू होर्मुज जलक्षेत्रको प्रवेशद्वार नजिकै खाडीमा अवस्थित छन्, जसबाट सामान्यतया विश्वको तेलको अधिकांश भाग निर्यात हुन्छ ।

हाल चर्किरहेको क्षेत्रीय युद्धले समुद्री यातायात अवरुद्ध भएको छ, जुन फेब्रुअरी - २८ मा इरानमा अमेरिका र इजरायलीको संयुक्त आक्रमणबाट सुरु भई मध्यपूर्वमा फैलिएको छ ।

इरानले खाडी मुलुकहरूलाई अमेरिकी सेनालाई आफ्नो क्षेत्रबाट इरानविरुद्ध आक्रमण गर्न दिएको आरोप लगाउँदै ती देशहरूमा रहेका अमेरिकी निकायविरुद्ध मिसाइल तथा ड्रोन आक्रमणहरू सुरु गरेको छ ।

# केरालामा बर्ड फ्लुको प्रकोप : हजारौँ चरा नष्ट गर्ने निर्णय

नयाँ दिल्ली, ७ चैत (सिन्ह्वा) । भारतको दक्षिणी राज्य केरालामा बर्ड फ्लू (एभियन इन्फ्लुएन्जा) फैलिएको पुष्टि भएपछि अधिकारीहरूले २० हजारभन्दा बढी चरालाई नष्ट गर्ने आदेश दिएका छन् ।

स्थानीय सञ्चारमाध्यमका अनुसार प्रभावित क्षेत्र कोझिकोड र अलप्पुझा जिल्लामा नियन्त्रणका लागि यस्तो कदम चालिएको हो । कोझिकोडमा करिब १४ हजार २२८ र अलप्पुझामा ५ हजार ९६१ वटा चरालाई नष्ट गरिनेछ ।

उक्त निर्णय नेशनल इन्स्टिच्युट अफ हाई सेक्युरिटी एनिमल डिजिजेस, भोपालमा पठाइएका नमुनामा उच्च सङ्क्रामक एभियन इन्फ्लुएन्जा पुष्टि भएपछि लिइएको हो । हालसम्म यो रोग केवल चरामा मात्र देखिएको छ । तर सर्वसाधारणलाई सतर्क रहन र असामान्य रूपमा धेरै चरा मरेको देखिएमा नजिकको पशु अस्पतालमा जानकारी दिन आग्रह गरिएको छ ।

# इरान तनावबिच संयुक्त राज्य अमेरिकालाई बेलायतको सैन्य सहयोग

लण्डन, ७ चैत (सिन्ह्वा) । बेलायतले संयुक्त राज्य अमेरिकालाई हर्मुज क्षेत्रमा हुने आक्रमणका लागि आफ्ना सैन्य अड्डाहरू प्रयोग गर्न अनुमति दिएको छ । यसबारे डाउनिङ स्ट्रिटले शुक्रबार सार्वजनिक गरेको वक्तव्यमा जानकारी दिएको हो ।

वक्तव्यअनुसार हर्मुज क्षेत्रमा जहाजहरूलाई लक्षित गरी भइरहेका आक्रमणमा प्रयोग भएका मिसाइल स्थल र क्षमताहरू कमजोर बनाउन यस्तो कदम चालिएको हो । साथै बेलायतले अन्तर्राष्ट्रिय साझेदारहरूसँग मिलेर उक्त क्षेत्रमा अन्तर्राष्ट्रिय जल यातायात सुरक्षित गर्ने योजना बनाइरहेको जनाएको छ ।

यद्यपि, बेलायतले आफू 'ठूलो द्वन्द्वमा तानिन नचाहेको' स्पष्ट पारेको छ ।

यसैबिच, इरानका विदेशमन्त्री सैयद अब्बास अराघचीले शुक्रबार बेलायती समकक्षीलाई चेतावनी दिँदै अमेरिका र इजरायलको इरानविरुद्धको आक्रमणमा सहयोग नगर्न आग्रह गर्नुभएको छ । उहाँले यस्तो सहयोगले क्षेत्रीय तनाव थप चर्काउने बताउनुभयो । गत फेब्रुअरी २८ मा इजरायल र संयुक्त राज्य अमेरिकाले संयुक्त रूपमा तेहरानसहित इरानका विभिन्न सहरहरूमा आक्रमण गरेका थिए । उक्त आक्रमणमा अली खामेनेईसहित उच्च सैन्य अधिकारी र सर्वसाधारणको मृत्यु भएको थियो । त्यसपछि इरानले जवाफस्वरूप इजरायल र मध्यपूर्व क्षेत्रमा रहेका अमेरिकी सैन्य अड्डाहरूलाई लक्षित गर्दै मिसाइल तथा ड्रोन आक्रमणहरू गरेको जनाएको छ ।

# संयुक्त राष्ट्रसङ्घ मध्यपूर्वमा तनाव कम गर्ने प्रयासको समर्थन गर्न तयार : महासचिव गुटेरेस

न्युयोर्क, ७ चैत (क्युएनए) । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले मध्यपूर्वमा तनाव कम गर्न र होर्मुजको जलक्षेत्रको सुरक्षा सुनिश्चित गर्ने हरेक प्रयासमा संयुक्त राष्ट्रसङ्घ सहयोग गर्न तयार रहेको बताउनुभएको छ । उहाँले संयुक्त राष्ट्र सङ्घले यसअघि 'ब्ल्याक सी' मा सुरक्षा सुनिश्चित गरी अवस्था सहज बनाउन महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख गर्दै यसको परिणामस्वरूप सन् २०२२ जुलाईमा सुरू हुने मानवीय कोरिडोरमार्फत युक्रेनी निर्यातलाई सक्षम बनाएको जनाउनुभएको छ ।

गुटेरेसले हर्मुजको जलक्षेत्रमा सहज निर्यातको अवस्था सिर्जना गर्ने मुख्य उद्देश्यका साथ संयुक्त राष्ट्रसङ्घले हाल खाडीका प्रमुख निकायका साथै युरोपेली परिषद्सँग समन्वय गरिरहेको बताउनुभएको छ ।

उहाँले यस सन्दर्भमा संयुक्त राष्ट्र सहयोग गर्न इच्छुक र तत्पर रहेको जनाउँदै यस्ता प्रयासहरू व्यवस्थापन गर्न संयुक्त राज्य अमेरिका र अन्य साझेदारहरूसँगको प्रत्यक्ष सहकार्यमा सक्रिय रहने पुष्टि गर्नुभएको छ ।

# हर रात छोराछोरीको चिहान कुर्छन् इरानी आमाबुबा

महमुद एस्लन



अस्ताउँदो घामसँगै परिवारहरू चिहानमा जम्मा हुन्छन्। उनीहरू दरी वा गलैंचा लिएर आउँछन्; खाना र पानी लिएर आउँछन्; मैनबत्ती वा लालटिन लिएर आउँछन्। ती सबै सामल उनीहरूले भर्खरै खनेको सानो चिहानमा राख्छन्। आमाबुबाले मायाले आफ्ना छोराछोरीको शिलालेख सफा गर्छन्। त्यसको वरपर थोरै ठाउँ बनाएर उनीहरू रातभरि त्यही बस्छन्। सावधान भएर उनीहरू घाम नउदाउञ्जेल छोराछोरीको चिहान रुँग्छन्।

इरानी सहर मिनाबको सामूहिक शोकको कुनै सीमा छैन। ७ देखि १२ वर्षसम्मका कम्तीमा १६८ बालबालिका मारिएका छन्। तीमध्ये धेरै त बालिका छन्। फेब्रुअरी २८ को दिन शाजारेह तायिब पाठशालामाथि प्रहार गरिएको मिसाइलबाट ती बालबालिका एकै चिहान भएका थिए। इरानविरुद्ध अमेरिका र इजरायलले सुरु गरेको युद्धको पहिलो केही घण्टामै यो नरसंहार भएको थियो।

मुस्लिम धर्मावलम्बीहरूको पवित्र महिना रमादानको सप्ताह टुङ्गिँदै थियो। यो साता गरिने प्रार्थनाको विशेष महत्त्व रहने मानिन्छ। इफ्तर खाएपछि परिवारहरू चिहानमा भेला हुन थालेका छन्। (रमादानको उपवास तोड्न साँझपख खाइने विशेष खानालाई इफ्तर भनिन्छ।) अँधेरी रातमा मरेका छोराछोरीछेउ प्रार्थनाका लागि उनीहरू चिहानमा जान थालेका छन्।

अमिना कारिमी ४२ वर्षकी भइन्। आक्रमणमा उनले आफ्नी ७ वर्षे छोरा लैलालाई गुमाएकी छिन्। हर रात उनी चिहान धाउँछिन्।

कारिमीले भनिन्, "यसपालिको रमादान मैले पहिले कहिल्यै नदेखेको विपत्ती लिएर आयो।" उनले भनिन्, "म मसिनो स्वरमा कुरान पढ्छु र प्रार्थना गर्छु, उसलाई समर्पित गर्छु। म मेरी छोरीसित कुरा गर्छु। उसले सुन्छे कि भन्ने आस गर्छु।" केहीबेर रोकिएर उनले फेरि भन्न थालिन्, "कहिलेकाहीँ म आफ्ना आँखा बन्द गर्छु र उसको हाँसो, उसको स्वर सम्झिन खोज्छु। कसरी ऊ पाठशाला जाने गर्थी, साथीसङ्गीसँग रमाउने गर्थी, कसरी उसले भविष्यका सपना बुन्ने गर्थी - एकएक सम्झिने कोसिस गर्छु।" रात निकै जाडो छ। लुगा नै छेँड्ला कि झैँ गर्छ। तैपनि कारिमी रातभरि चिहानमै डटेर बस्छिन्।

उनले भनिन्, "असाध्यै जाडो छ। ठिहिर्‍याउँछ। तर, मैनबत्तीको मधुरो प्रकाशले नै पनि अलिकति न्यानो दिन्छ।"

मानव अधिकार संस्था र सञ्चारमाध्यमहरूले बटुलेका प्रमाणहरूबाट संरा अमेरिकाले टोमाहक मिसाइल प्रयोग गरेको देखिन्छ। अब सम्झनामा मात्र जीवित ती बालबालिकामाथि यही मिसाइल प्रयोग भएको हुनुपर्छ। अमेरिकी सेनाको आन्तरिक छानबिनबाट पनि पुरानो तथ्याङ्कको आधारमा त्यो पाठशालामा बम हानिएको हुनसक्ने निष्कर्ष निस्केको छ। ट्रम्प सरकारले भने केही पनि स्वीकारेको छैन।

मिनाब सहरका आमाबुबाहरूले आक्रमण पुर्‍याएको क्षतिको सामना गर्नै सकेका छैन।

रेजा जाराइले आक्रमणका आफ्ना ७ वर्षे छोरा अलीलाई गुमाए। ४५ वर्षका रेजा पनि चिहान आइरहन्छन् र अलीको चिहाननिर रात बिताउँछन्। बिहान घाम झुल्किनुअघि प्रार्थना गरेपछि मात्र उनी घर फर्किन्छन्। जाराइले भने, "उसको जीवनका एकएक घटना मलाई याद छ। ऊ पाठशाला गएको; साथीसङ्गीमा उसले रमाइलो गरेको; गल्लीमा खेल खेलेको सबै-सबै याद छ।" एकछिन रोकिएर उनले भने, "प्रार्थना र कुरान पढ्दाबाहेक पूरै रात सुनसान हुन्छ यहाँ।"

चिहानको माहोल सहरको अन्य कुनै स्थानझैँ चकमन्न हुन्छ। यहाँ पुरिएका छन् - पाठशालामा मारिएका पीडित बालबालिका। आवाज हराउँछ। बोली बन्द हुन्छ। परिवारहरू चिहाननिर बस्छन्; तिनले श्लोक पढ्छन्। एकअर्काका कानमा केही भन्छन्। कहिले लामो मौनतामा पस्छन्। निदाउन नसकेकाहरूले एकोहोरो शिलापत्र हेरिरहन्छन्। चिहानमा बालेका मैनबत्तीबाट प्रकाशका असमान किरणहरू बरालिन्छन् वरिपरि। हावाले मानौँ दर्जनौँ किरणहरूलाई बहकाइरहन्छन्। तैपनि, प्रकाश ओझेलिन्न। टाढाबाट हेर्दा पूरै चिहान मधुरो प्रकाशले जगमगाएझैँ लाग्छ।

रेयाना अकबरी ४० वर्षकी भइन्। उनले आफ्ना ८ वर्षकी छोरी जारालाई गुमाइन्। बेलाबेला छोरीको चिहाननिर जान्छिन् र आँखा चिम्लिन्छिन्। उनले भनिन्, "म उसलाई महसुस गर्न खोज्छु। चिहानमा बलिरहेका मैनबत्तीले रातभरि अलिकति उज्यालो दिन्छ। तर, तिनले पनि मेरो मनमा गढेको यो दु:ख हटाउन सक्दैनन्।" वरपर बसिरहेका परिवारहरूको कुराकानी, कुरान पाठ र सम्झना साटासाटका सुसेलीहरूले रात कटाउन सजिलो हुन्छ। उनले भनिन्, "हामी सम्झना साटासाट गर्छौं। आफ्ना सन्तानले मन पराउने खेलका कुरा गर्छौं। तिनीहरू हाँस्दाको पल फेरि फिर्ता ल्याउँछौं।" अलिबेर अडिएर उनले भनिन्, "यी सबै चीजले रातलाई एकलासको बन्नबाट अलिकति भए पनि रोक्छन्। सुद्धीबुद्धी हराउनबाट थोरै पनि छेक्छन्।"

चिहानमा भेला हुनुलाई मृतकका आमाबुबाले एक्लिएर शोक मनाउने काम मानेका छैनन्। बरु यसलाई उनीहरू आफ्ना छोराछोरीसँग लगातार सँगै रहेको मान्छन्; मर्ने र बाँच्नेहरूबिचको दूरीलाई पूरै स्वीकार गर्न नमानेको ठान्छन्। साना बालबालिकाहरू, मर्नेहरूका भाइबहिनी र दाइदिदीहरू बिस्तारै चिहानको नजिक जान्छन्। ठूलाबडाले कसरी मन थाम्छन्, कसरी शोक मनाउँछन्, कसरी घण्टौँसम्म चुपचाप एकै ठाउँमा बस्न सकिने रहेछ भनेर उनीहरू ध्यान दिएर हेर्छन्। उनीहरूले ती कुरा सिक्दै छन्, जुन कुरा सिक्न तिनीहरू निकै साना छन्।

रेजा रेजाइ पौर ४७ वर्षका भए। उनी चिहानमा आउनुलाई घण्टौँ कुराकानी गर्ने मेलो मान्छन्। मिसाइल आक्रमणमा मारिएका आफ्ना ७ वर्षे छोराबारे उनले भने, "म यो चिसो ढुङ्गामा हात राख्छु, प्रार्थना गर्छु र मेरो छोरो मोहम्मदलाई सम्झिरहन्छु। उसको हाँसो। उसको खेलकुद। दिनकै उसले गर्ने यी सानातिना चीजले हामीलाई खुसी दिने गर्थ्यो।" उनले अँधेरी रातमा अरू पीडित बाबुहरूसँगको भेटघाटबारे बताए। छोराछोरी गुमाएका यी बाबुहरू आफ्ना सम्झनाका पाना साटासाट गर्छन्। उनले भने, "अब ती पलहरू हराएर गए भनी हामी एकअर्कालाई सम्झाइरहन्छौँ।" लामो सुस्केरा छोड्दै उनले भने, "दु:ख बाँडे अलिकति हलुका हुनेरहेछ भनी हामी सिक्दै छौँ।"

सहुरको समयमा चिहानमा चकमन्नता छाउँछ। (पुन: उपवास सुरु हुनुभन्दा अघि एकाबिहानै खाइने खाजालाई सहुर भनिन्छ।) परिवारहरूले खाजा त ल्याउँछन् तर थोरैले मात्र त्यो खाएको देखिन्छ। खाना खाने भन्दा पनि सहुरको कर्म पूरा गरेझैँ देखिन्छ। आमाहरूले थर्मसबाट चिया निकाल्छन्। एक बालक आफ्नो बाबुको काँधमा निदाउँछ। कसैले नरम धर्तीमा ढल्किन थालेको एउटा मैनबत्तीलाई सिधा बनाउँछ।

फातिमा आजादी पेजेश्की ४३ वर्षकी भइन्। उनले आफ्नी ७ वर्षकी बच्ची हुदालाई गुमाइन्। हर साँझ उनी चिहानमा आउँछिन् र स्वास्थ्यले दिएसम्म त्यही बस्छिन्। उनले भनिन्, "कहिलेकाही म आफ्ना आँखा चिम्लिन्छु र उसको स्वर कल्पना गर्ने प्रयास गर्छु। उसको आकृति सामुन्ने उभिएको कल्पना गर्छु। म अझै मसँगै छे भनी मनलाई मनाउन खोज्छु।" उनी प्रार्थनाका श्लोक पढ्छिन्। कुनै बेला यिनै श्लोक उनले घरमा बसेर छोरीलाई सुनाउने गर्थिन्। त्यही दृश्यलाई मानौँ जिउँदो बनाउन उनी उही रितले श्लोक गाउँछिन्। उनी भन्छिन्, "उसको शरीर त रहेन। तर, ऊसँग बिताएका क्षणलाई फेरि जिउँदो बनाउने प्रयास गर्छु।"

घाम उदाउनुभन्दा ठीक पहिले मृतकका घरपरिवारले बिस्तारै आआफ्ना मालताल बटुल्न थाल्छन्। तिनले आफ्ना ओढ्ने-ओछ्याउने, खान नसकी राखेका खाना-खाजा जम्मा गर्छन् र मैनबत्ती निभाउँछन्। बिस्तारै चिहान खाली हुँदै जान्छ। बिहानीपख घाम झुल्किनुअघि एक-एक गर्दै सबै परिवार बाहिरिन्छन्। चिहान फेरि मौन हुन्छ। फेरि एकपल्ट ऊ एक्लो हुन्छ।

*(स्रोत : एमआर अनलाइन। सम्यक)*

---

*के...*

सन् २०२४ मा १ करोड १० लाख सवारी साधनको घरेलु बिक्रीसहित विद्युतीय सवारी साधन उत्पादनको ७० प्रतिशत हिस्सा लिएको छ। चिनियाँ ईभी सन् २०२० मा बजार प्रवेश गर्दा जम्मा ६.३ प्रतिशत थियो भने सन् २०२४ मा आइपुग्दा ४८ प्रतिशत पुगेको छ।

चीनमा शून्य-कार्बन कारखाना र औद्योगिक पार्कहरूको विकास गरी गैर-जीवाश्म ऊर्जा लक्ष्य पूरा गर्न चीनका धेरै स्थानीय सरकारले रणनीति बनाएका छन्। रणनीतिअनुसार आगामी पाँच वर्षमा शून्य-कार्बन औद्योगिक पार्कहरू निर्माणका लागि सूचीबद्ध आह्वान गरिएको छ।

चीनले सन् २०३५ को अन्तर्राष्ट्रिय जलवायु प्रतिबद्धता पूरा गर्न आफ्नो 'नयाँ ऊर्जा' क्षमता हालको १,८०० गिगावाटलाई दोब्बर बनाउनुपर्नेछ।

यही उद्देश्य पूरा गर्न चीनले आफ्नो उत्तरी क्षेत्रहरूमा तीन वटा स्वच्छ-ऊर्जा आधार र दक्षिण-पश्चिम चीनमा एकीकृत जल-वायु-सौर्य परिसर विकास गर्नुपर्ने नीति लिएको छ। यसले विशेषगरी मरूभूमि क्षेत्रहरूमा अन्तर क्षेत्रीय विद्युत् प्रसारणका लागि ठुला वायु र सौर्य ऊर्जा आधारहरूको निर्माणलाई प्रोत्साहन गर्छ।

साथै सिचाङ (तिब्बत) मा ब्रह्मपुत्र नदीमा विशाल जलविद्युत् परियोजना सुरू गरेको छ।

चीनमा कागज उद्योग, खाद्य प्रशोधन र कपडामा रहेका कोइलाबाट चल्ने प्लान्ट र औद्योगिक भट्टीहरूलाई प्रतिवर्ष ३ करोड टन कोइला खपत घटाउनुपर्छ। यसका लागि चीनलाई स्वच्छ ऊर्जाका लागि विशाल जलविद्युत् र सौर्य तथा वायु ऊर्जा परियोजना आवश्यक पर्छ।

यस्तो अवस्थामा स्वच्छ ऊर्जा प्रविधिले चिनियाँ अर्थतन्त्र स्तरोन्नतिमा उच्च भूमिका खेल्नेछ। जसमा स्मार्ट ईभी, नयाँ सौर्य कोष, नयाँ ऊर्जा भण्डारण, हाइड्रोजन र आणविक फ्युजन ऊर्जा समावेश छन्।

चीनले सफा ऊर्जा र वातावरण संरक्षणसँगै आफ्ना नागरिकको जीवनस्तर सुधारमा पनि उच्च ध्यान दिएको छ।

पन्ध्रौँ पञ्चवर्षीय योजना अवधिमै चीनले सन् २०३० सम्म चिनियाँको सरदर आयु ८० वर्ष पुर्‍याउने लक्ष्य राखेको छ। यो लक्ष्य पूरा गर्न चीन सरकारले स्वास्थ्य प्रणाली सुधार्दै पहिलो पटक व्यावसायिक स्वास्थ्य बीमाको विकासलाई प्रतिवेदनमा समावेश गरेको छ।

चीनले विदेशी लगानीलाई आकर्षण गर्न पन्ध्रौँ पञ्चवर्षीय योजनामा विभिन्न योजना अगाडि सारेको छ। केही देशहरूले 'सानो आँगन र उच्च पर्खाल' जस्ता सर्त राख्दा विदेशी लगानी ती देश छाडेर चीनतिर आकर्षित भएका हुन्। स्वागतयोग्य शैलीमा चीनले विदेशी लगानीलाई ढोका खोलिरहेको छ।

सन् २०२५ सम्म ३ करोडभन्दा बढी विदेशी पर्यटक भिसाबिना चीनमा प्रवेश गरेर वास्तविक चीन महसुस गरेका छन्। अन्तर्देशीय कम्पनीहरूले चिनियाँ उपभोक्ताको अद्यावधिक आवश्यकताअनुसार, रणनीति समायोजन गरेर चीनको लचिलोपन र पूर्वानुमानलाई ठुलो महत्त्व दिइरहेका छन्।

उल्लिखित सफलताका पछाडि कठिनाइ र बाधा अवरोधसँगै चीनले विभिन्न चुनौतीहरू पनि सामना गरेको छ। चौधौँ पञ्चवर्षीय योजना अवधिमा चीनले सामना गर्नुपरेको सबभन्दा ठुला चुनौतीहरूमा विश्वव्यापी महामारी र भू-राजनीतिक व्यवधान थिए।

ऊर्जा खपतमा चीनमा कमी आइरहेको छ भने कार्बन उत्सर्जनमा पनि कमी आएको छ।

सन् २०२५ मा चीनमा ऊर्जा खपतमा ३ प्रतिशतले कमी ल्याउने लक्ष्य राखिएको थियो तर यो लक्ष्य पूरा हुन सकेन। यसका साथै वायु गुणस्तर सुधार र शिशु हेरचाह सुविधा विस्तारका सूचकहरू पनि लक्ष्यभन्दा पछि परेका छन्।

चीनमा घरजग्गा क्षेत्रको मन्दीले फलाम उद्योगहरूमा मार परेको छ। फलामको माग घटेका कारण ती उद्योगहरूको नाफामा कमी आएको छ र वातावरणमैत्री प्रविधिमा लगानी गर्न सक्ने क्षमतामा असर परेको छ।

चीनको सामाजिक र जनसाङ्ख्यिक चुनौतीहरू पनि थपिएका छन्। बढ्दो युवा बेरोजगारीदर र जनसङ्ख्या वृद्धिदर नकारात्मक हुँदा संरचनात्मक समस्या देखिन थालेको छ। स्वास्थ्य र पोषणको क्षेत्रमा सहरी र ग्रामीण क्षेत्रबिच ठुलो असमानता कायमै छ।

विश्वव्यापी महामारीपछि, भूराजनीतिक द्वन्द्व, बढ्दो मुद्रास्फीति र अमेरिकाले चलाएको व्यापार संरक्षणवादका कारण अन्तर्राष्ट्रिय वातावरण जटिल बन्दै गएको छ। अमेरिकी गठबन्धनले लगाएको प्राविधिक प्रतिबन्ध र उच्च भन्सार शुल्कले चिनियाँ उच्च-प्रविधि व्यापार र आपूर्ति शृङ्खलालाई असर गरेको छ।

अवसर र चुनौती एउटै रथका दुई पाङ्ग्रा मानिन्छन्। तसर्थ, चुनौतीबिच पनि चीनले विश्वलाई आश्चर्य बनाउने गरी प्राप्त गरेको उपलब्धिको चुरो कुरा व्यावहारिक योजना तर्जुमा गर्नु र ती योजनाको सफल कार्यान्वयन गर्नु नै हो।

यसका पछाडि चिनियाँ स्थिर राजनीतिक प्रणाली र जनताको सेवामा केन्द्रित नेतृत्व नै हो। यसलाई चिनियाँ विकासको मोडल पनि भन्न सकिन्छ।

***पेइचिङ डायरी***

**माइग्रेसन सर्टिफिकेट हराएको सूचना**

मिति २०८२/०८/१२ का दिन भक्तपुरको ब्यासीदेखि सल्लाघारी जाने क्रममा मेरो १२ कक्षाको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा भेटाउनुहुने महानुभावले देहायको मो.नं. वा नजिकैको प्रहरी कार्यालयमा सम्पर्क गर्नुहोला।

| | |
|---|---|
| **नाम** | : एलिशा सुवाल |
| **रजिस्ट्रेसन नं.** | : ७५७७५७०१५ |
| **सिम्बोल नं.** | : ९७७०१३३७ |
| **सिरियल नं** | : A 0750912 |
| **सम्पर्क नं.** | : ९८६५४७७३९७ |

## हार्दिक समवेदना



जन्म
१९९८/०९/२२

निधन
२०८२/११/२७

यस दाजु-भाइ/दिदी-बहिनी समूहका सदस्य केशव पक्काकी ममतामयी माता **कान्छीदेवी पक्का**को असामयिक निधन भएको आज १२ औँ दिनको पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**दाजु-भाइ/दिदी-बहिनी समूहका साथीहरू**

राकेश/मैँया ग्वाछा — रामसुन्दर/बिमला यालानास
न्हुछेँप्रसाद/लक्ष्मीश्वरी हाकुदुवाल — कृष्णराम/सरिता त्यात
विष्णुप्रसाद/चण्डेश्वरी जरेजु — राजु/विद्या गपी
तुलसी/रामलक्ष्मी धौबन्जार — पुण्यराम/सीता श्रेष्ठ
सीताराम/शर्मिला सुवाल — प्रकाश/राज्यलक्ष्मी माक
तुलसी/रामेश्वरी सितिखु — राजेन्द्र/रीता रञ्जितकार




***अमेरिकी...***

जनता सचेत हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

अमेरिका र भारत मिलेर बनाइने अहिलेको सरकार देश र जनताको हितमा नहुने उल्लेख गर्दै उहाँले गर्मीसँगै लामखुट्टेबाट बच्न झुल राखेजस्तै सङ्घर्ष गर्न तयार हुनुपर्ने बताउनुभयो ।

हिजो सरकारमा गएका नेका, एमाले, माओवादीका एकतिहाइभन्दा बढी नेताहरू देशघाती भएको हुँदा देश ध्वस्त भएको उल्लेख गर्दै उहाँले आगामी दिनमा थप अप्ठेरो आउने र सङ्घर्ष गर्नुपर्ने उल्लेख गर्नुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं कार्यक्रमका सभापति प्रेम सुवालले विद्यालय तहको शिक्षा राम्रो भए विश्वविद्यालयको शिक्षा पनि राम्रो हुने उल्लेख गर्दै भक्तपुरलाई सफा, सांस्कृतिक नगरसँगै पर्यटकीय गन्तव्यस्थल बनाउन नयाँ पुस्तालाई राम्रो शिक्षा अपरिहार्य भएको स्पष्ट बताउनुभयो ।

उहाँले विद्यार्थीको शैक्षिक स्तर बढाउन र व्यक्तित्व विकास गर्न विद्यालयले सङ्गीत, चित्रकला, खेलकुद, स्काउट, नृत्य, प्रशिक्षण तथा विभिन्न भाषा सिकाइमा जोड दिनुपर्ने उल्लेख गर्दै अमेरिकी र इजरायली सरकार मिलेर इरानमा आक्रमण गरेको कारण विश्वमा तेल र ग्यास महँगो भएको र खाद्यान्न अभाव भएको औँल्याउनुभयो ।

उहाँले नेपालका नदीनालाबाट नेपालीकै लगानीमा पर्याप्त विद्युत् उत्पादन गरिएको भए देश आत्मनिर्भर बनाउन मद्दत पुग्ने बताउनुभयो ।

देशका मुख्य-मुख्य नदीनालाहरू टनकपुर, महाकाली, कर्णाली आदि भारतलाई दिएको हुँदा नेपालले भारतसँग महँगोमा बिजुली किन्नु परेको उल्लेख गर्दै उहाँले सरकारहरू देशलाई ऋणमा डुबाउने र सरकारी कर्मचारीलाई तलब खुवाउन पनि ऋण लिइरहेको बताउनुभयो । इरान, भेनेजुयलाजस्ता देशले अमेरिकी कम्पनीलाई तेल र ग्यास नदिएको कारण अमेरिकाले आक्रमण गरेको उल्लेख गर्दै उहाँले अमेरिकी आक्रमणको अमेरिकालगायत विश्वका जनताले विरोध गरिरहेको बताउनुभयो ।

युद्धको विरोध गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले भन्नुभयो, "अब आउने नेपालका सरकारले राम्रो काम नगरेमा जनताले विरोध गर्नेछन् ।"

विद्यालय व्यवस्थापन समितिका सदस्य एवं प्रदेशसभा सदस्य सिर्जना सैँजुले विद्यालयबाटै विद्यार्थीले संस्कार, संस्कृति, सद्भाव र सहयोगको भावना सिक्ने उल्लेख गर्दै शिक्षा अध्ययन व्यक्तिवादी प्रवृत्ति विकास गर्न होइन भन्नुभयो ।

पुरानो पुस्ताको अनुभव, सीप र मार्गनिर्देशबाट नयाँ पुस्ताले देश सम्हालेर नमुना काम गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले अग्रजहरूको योगदानले नै नयाँ पुस्ता सभ्य र सुसंस्कृत समाजमा जीवन जोहो गर्न पाउने अवसर मिलेको बताउनुभयो ।

शिक्षा वैज्ञानिक र व्यावहारिक भएन भने असल र अनुशासित नागरिक तयार नहुने उल्लेख गर्दै उहाँले विद्यालय शिक्षा खोजमूलक र अनुसन्धानमूलक नहुनु चिन्ताको विषय हो भन्नुभयो ।

रसायनशास्त्री डाक्टर कान्ति श्रेष्ठले सन्तुलित खानाको महत्त्वबारे प्रकाश पार्दै नेवारी समुदायमा खाने भोज र सम्हेबजी विज्ञानको हिसाबले सन्तुलित भएको बताउनुभयो ।

बालबालिकाले मोबाइल, एयरफोन चिन्ने तर संस्कार र संस्कृति नचिनेकोमा चिन्ता व्यक्त गर्दै उहाँले हामीले खाने अनेक खानाका परिकारमा शरीरलाई ऊर्जा दिने, स्वस्थ बनाउने मात्र होइन विषाक्तबाट बचाउने तत्त्व पनि रहेको सविस्तार गर्नुभयो ।

विद्यालयका प्राचार्य बदनकेसरी प्रजापतिले विद्यालयले गरिरहेको गतिविधि र कार्यक्रमबारे प्रकाश पार्दै विद्यार्थी र शिक्षकहरूको व्यक्तित्व विकास गर्न विभिन्न प्रेरणात्मक कार्यक्रम सञ्चालन गरिरहेको बताउनुभयो ।

कार्यक्रममा अतिथि बिजुक्छेँले विद्यालयबाट प्रकाशित स्मारिका पनि विमोचन गर्नुभयो । स ा` अवसरमा चिनियाँ भाषाका प्रशिक्षक पिङ छ्याङ छ्याङले चिनियाँ भाषा र विद्यालयले गरेको उल्लेखनीय कार्यको प्रशंसा गर्नुभयो ।

कार्यक्रममा नेमकिपाका अध्यक्ष बिजुक्छेँ, अतिथि तथा समाजका शिक्षासेवी, अगुवा, समाजसेवीहरूले भनपा वडा नं. २ र ६ का ज्येष्ठ नागरिकहरूलाई सम्मान गर्नुभएको थियो । त्यस्तै विद्यालयमा १० वर्ष, २० वर्ष र २५ वर्ष सेवा अवधि पूरा गरेका शिक्षक एवं कर्मचारीलाई प्रशंसापत्र वितरण तथा कक्षा ४ देखि ९ सम्मका विद्यार्थीहरूको गीत, नृत्य प्रस्तुत गरिएको थियो ।

अभिभावक र शिक्षिकाहरूको नृत्यसमेत रहेको सो कार्यक्रममा भनपा वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवालले धन्यवाद व्यक्त गर्नुभएको थियो । सो कार्यक्रममा अनिता न्हुछे र मनिता थापाले कार्यक्रमको आवश्यकताबारे चर्चा गर्नुभएको थियो ।

समारोहमा तेक्वान्डो पनि प्रदर्शन गरिएको थियो । त्यस्तै गीत, नृत्य आदि देखाइएको छ ।

***खानेपानी...***

गर्दा सबैले स्वामित्व ग्रहण गर्ने विश्वास व्यक्त गर्नुभयो ।

भेलामा स्थानीय उपभोक्ताहरूको प्रतिनिधित्व गर्दै पुष्पनारायण श्रेष्ठ, उद्धव दाहाल, विष्णुकुमार प्रजापति, सतिश प्रजापति, धर्मलक्ष्मी लघुलगायतले तुमचो दुगुरे चोखा आवास क्षेत्रमा मेलम्चीको पानी वितरण गर्नका लागि केयूकेएलसँग समन्वय गर्नुपर्ने, पानीको स्रोत व्यवस्थापनमा जोड दिनुपर्ने, खानेपानी शुद्धीकरण प्रणालीलाई थप प्रभावकारी बनाउनुपर्ने जस्ता रचनात्मक सुझावहरू पेस गर्नुभयो । खानेपानी अभावको समयमा उपभोक्ता समितिमार्फत डिप बोरिङ गरी स्थानीय जनतालाई वितरण गरिएकोमा उपभोक्ताहरूले धन्यवाद ज्ञापन गर्नुभयो ।


## लोकेश्वर बचत तथा ऋण सहकारी संस्था लि.

इताछेँ, भक्तपुर, फोन नं. ०१-६६१९०६८
इमेल: lokeshwor.saccos@hotmail.com, lokeshwor.saccos19068@gmail.com

## कर्मचारी आवश्यकतासम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८२/१२/०८ गते**

यस संस्थाको लागि देहायबमोजिमका कर्मचारी आवश्यक भएको हुँदा इच्छुक योग्य दक्ष तथा अनुभवी उम्मेदवारले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र कार्यालयमा पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | पद | सङ्ख्या | शैक्षिक योग्यता | ग्राह्यता |
|---|---|---|---|---|
| १. | वरिष्ठ सहायक | १ (एक जना) | व्यवस्थापन सङ्काय तहमा कक्षा १२ उत्तीर्ण | वित्तीय क्षेत्रमा अनुभवी र कम्प्युटरसम्बन्धी ज्ञान भएको । |

**परीक्षाको किसिम** : लिखित, प्रयोगात्मक र अन्तर्वार्ता
थप जानकारीको लागि संस्थामा सम्पर्क गर्नुहुन अनुरोध गर्दछ ।

***पदपूर्ति समिति***



## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रकाशित मिति: २०८२/१२/०८ गते**

भक्तपुर नगरपालिकाको पर्यटन सेवा केन्द्रहरूको लागि निम्नबमोजिमका सामग्रीहरू खरिद गर्नका लागि e-Gp System को माध्यमबाट सूचना प्रकाशित मितिले १६औँ दिन १२:०० बजेभित्र Bid Submission गर्नुहुन यो सिलबन्दी दरभाउ आह्वान गरिएको छ । स्पेसिफिकेसनको विस्तृत जानकारी website: https;//www.bhaktapurmun.gov.np हेर्नुहुनसमेत अनुरोध गरिन्छ ।

**कार्यालयको विवरण**

**बैङ्कको नाम, ठेगाना** : नेपाल बैङ्क लि., भक्तपुर **खातावालाको नाम** : भक्तपुर नगरपीलका
**खाता नम्बर, प्रकार** : धरौटी खाता नं. ०१९०३००००३०००००००००३
**राजस्व खाता नं.** ०१९०३०००००१००१००००००३
**राजस्व शीर्षक नं.**: १४२२९ **कोड नं.** : ८०१०३३३०२

**तपसिल**

| ठेक्का नं. | मालसामानका नाम/परिमाण | फारम दस्तुर रू. | जमानत/धरौटी रकम रू. | अन्तिम मिति /समय | दरभाउपत्र खोल्ने मिति/समय |
|---|---|---|---|---|---|
| Bktmun/ Goods /SQ002/ 082.83 | 1. LaptopI5 (Branded:14pcs)<br>2. Dogital ID Card Printer (1LED Button standards 64MB RAM):- 1pcs | १,०००।- | ४०,०००।- | २०८२/१२/२३ मध्यान्ह १२:०० बजेसम्म | २०८२/१२/२३ गते दिनको १:०० बजे |



## विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर:

विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्यापटप) आदिको अधिक प्रयोगले:
- ❖ बालबालिकाको आँखाको ज्योति कमजोर हुनसक्छ,
- ❖ दिमागमा असर पर्नसक्छ,
- ❖ समयमा नसुत्न सक्छन्,
- ❖ खानपान तथा दिसापिसावमा ध्यान नदिन सक्छन्,
- ❖ एकान्तमा बस्न मन पराउन सक्छन्,
- ❖ झिज्याहट हुन सक्छ,
- ❖ साथीहरूसँग घुलमिल नहुन सक्छन्,
- ❖ एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रतिकूल प्रभाव पर्न सक्छन्,
- ❖ बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक अपाङ्गतासमेत हुनसक्ने भएकोले

बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा